IslamHouse.com

# पूजाहरूका विधिहरूको बारेमा ज्ञान

## (व्रतको बारेमा फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]


लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

IslamHouse.com

# فقه العبادات

## (فتاوى الصيام)

[ नेपाली - Nepali - نيبالي ]

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم


## सर्वाधिकार अनुवादकमा सुरक्षित छ।



To connect translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४



प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

नि:शुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:


*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गर्‍यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती

सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख मुहम्मद बिन सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले व्रतसित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन्। (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# व्रतको बारेमा फतवाहरू

## व्रतको शाब्दिक र वैधानिक अर्थ

प्रश्नः (१२७) आदरणीय शैख ज्यू, शाब्दिक तौरले व्रतको अर्थ के हो, र वैधानिक तौरले यसको परिभाषा र अर्थ के हो ?

उत्तरः जकातको शाब्दिक अर्थ होः रुक्नु, रोक्नु । जस्तो कि अल्लाहको फर्मान छः

﴿ فَكُلِي وَٱشْرَبِي وَقَرِّي عَيْنًاۖ فَإِمَّا تَرَيِنَّ مِنَ ٱلْبَشَرِ أَحَدًا فَقُولِيٓ إِنِّي نَذَرْتُ لِلرَّحْمَٰنِ صَوْمًا فَلَنْ أُكَلِّمَ ٱلْيَوْمَ إِنسِيًّا ٢٦ ﴾ مريم: ٢٦

अर्थ : अब निश्चिन्त भई खाऊ, पिऊ र आँखालाई शीतल पार (अर्थात नव-जात शिशुलाई आफ्नो आँखाले हेरेर सन्तुष्टि प्राप्त गर) । यदि कुनै मानिस देखिन्छ भने, भनिदिनु कि मैले अल्लाह, अत्यन्त

दयालुको नाममा व्रतको भाकल गरेको छु। तसर्थ म आज कोहीसित बोल्दिनँ। (सूरतु मरियम २६)

अर्थात मैले आफूलाई कुनै मानिसबाट कुरा गर्नुबाट रोकेको छु, यसर्थ म कसैसित कुरा गर्दिनँ।

र एउटा कविको भनाई छः युद्धबाट रुकेका ती घोडाहरू र ती घोडाहरू जुन त्यसबाट रुकेका छैनन् बरु युद्धरत छन्, र एउटा अर्को प्रकारका घोडाहरू छन् जुन युद्धको लागि तयारीमा छन्।

र यसको वैधानिक अर्थ र परिभाषा हो: अल्लाहको पूजा गर्नु समस्त खानपानलाई त्यागेर दोस्रो फज्र उदय हुने समयदेखि (प्रातःदेखि) सूर्य अस्त नहुन्जेल।

# व्रतका थरीहरू

प्रश्न: (१२८) आदरणीय शैख ज्यू, व्रतका कति थरीहरू छन् ?

उत्तर: व्रतका दुई थरी छन्: अनिवार्य व्रत: र व्रत कदाचित कुनै कारणले अनिवार्य हुन्छ जसरी कफ्फारहको व्रत, भाकलको व्रत । र कहिलेकाहिँ व्रत बिना कुनै कारण अनविार्य हुन्छ जसरी रमजान महिनाको व्रत । र वास्तवमा व्रत बिना कुनै कारण प्रमाणहरूले गर्दा वैधानिकताले अनिवार्य हुन्छ ।

र रह्यो गैर अनिवार्य अर्थात नफिली व्रत: त कहिले त्यो विशिष्ट हुन्छ त कहिले विशिष्ट हुँदैन ।

विशिष्ट व्रतको उदाहरण: बिहिवार र सोमवारको व्रत ।

अविशिष्ट (आम) व्रतको उदाहरण: जसरी सालको कुनै दिनको व्रत, तर हदीसहरूमा जुमआको दनिलाई व्रत बस्नुको लागि विशिष्ट गर्नुबाट मनाही गरिएको छ, यसर्थ मात्र जुमआको दिन व्रत बसिन्न, बरु त्यसको एक दिन अगाडि वा एक दिन पछाडि

पनि व्रत बस्नु पर्छ, यदि कोही जुमआको दिन व्रत बस्न चाहन्छ भने ।

र यस्तै हज्जका दिनहरूमा तश्रीकका दिनहरूमा व्रत बस्नुबाट रोकिएको छ त्यस मान्छे बाहेक जससित बलिको जनावर नहोस् त यो मात्र तश्रीकका दिनहरूमा व्रत बस्न सक्दछ हज्जमा बसिने तीन दिनहरूको व्रत ।

## रमजानको व्रतको हुकुम

**प्रश्न: (१२९) आदरणीय शैख ज्यू, रमजान महिनाको व्रतको के हुकुम छ ?**

उत्तर: रमजानको व्रत कुरआन र हदीसको उदधृतद्वारा र मुसलमानहरूको सर्वसहमतिद्वारा अनिवार्य छ । अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾

أَيَّامًا مَّعۡدُودَٰتٖۚ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوۡ عَلَىٰ

سَفَرٖ فَعِدَّةٞ مِّنۡ أَيَّامٍ أُخَرَۚ وَعَلَى ٱلَّذِينَ يُطِيقُونَهُۥ

فِدۡيَةٞ طَعَامُ مِسۡكِينٖۖ فَمَن تَطَوَّعَ خَيۡرٗا فَهُوَ خَيۡرٞ لَّهُۥۚ وَأَن

تَصُومُواْ خَيۡرٞ لَّكُمۡۖ إِن كُنتُمۡ تَعۡلَمُونَ ﴿١٨٤﴾ شَهۡرُ

رَمَضَانَ ٱلَّذِيٓ أُنزِلَ فِيهِ ٱلۡقُرۡءَانُ هُدٗى لِّلنَّاسِ

وَبَيِّنَٰتٖ مِّنَ ٱلۡهُدَىٰ وَٱلۡفُرۡقَانِۚ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهۡرَ

فَلۡيَصُمۡهُۖ وَمَن كَانَ مَرِيضًا أَوۡ عَلَىٰ سَفَرٖ فَعِدَّةٞ مِّنۡ

أَيَّامٍ أُخَرَۗ يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلۡيُسۡرَ وَلَا يُرِيدُ بِكُمُ

ٱلۡعُسۡرَ وَلِتُكۡمِلُواْ ٱلۡعِدَّةَ وَلِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا

هَدَىٰكُمۡ وَلَعَلَّكُمۡ تَشۡكُرُونَ ﴿١٨٥﴾ ﴾ البقرة: ١٨٣

- ١٨٥

अर्थ : आस्थावानहरू हो ! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । (व्रतका समय) गणनाका केही दिनहरू हुन्, तर तिमीहरूमध्ये जुन मानिस विरामी छ अथवा यात्रामा छ, तब उसले अन्य दिनहरूमा रोज़ाको दिनको संख्या पूरा गरोस्, र सामर्थवानले (अति वृद्ध वा निको नहुने रोगको कारण ब्रत बस्ने क्षमता राख्दैन भने) तिनीहरूले ब्रतको सट्टा एउटा गरीबलाई खाना खुवाउनु । यदि कुनै मानिस आफ्नो इच्छा अनुसार अझ बढी गर्दछ त त्यसको निम्ति झन् राम्रो हुनेछ । तर तिम्रो लागि ब्रत बस्नु नै उत्तम काम हो यदि तिमी ज्ञानी छौ । रमाजानको महिना त्यो हो जुन महिनामा कुरआन उतारियो, जो मानिसहरूको लागि पथ प्रदर्शक हो र जसमा मार्गदर्शन र सत्य र असत्यलाई छुट्टयाउने निशानीहरू छन् । तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको ब्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (ब्रत बसी) त्यसको

गणना पूरा गरोस्। अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन। उसले चाहन्छ कि तिमीले (व्रतको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक। (सूरतुल् बकर: १८३-१८५)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" بني الإسلام على خمس : شهادة أن لا إله إلا الله وأن محمداً رسول الله ، وإقام الصلاة وإيتاء الزكاة ، وصوم رمضان ، وحج بيت الله الحرام" ( أخرجه البخاري ، كتاب الإيمان ، باب دعاؤهم إيمانكم ، رقم (8) ، ومسلم ، كتاب الإيمان ، كتاب بني الإسلام على خمس، رقم(16).

अर्थ : इस्लाम पाँच कुरामाथि आधारित छः लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुमा, र नमाज कायम गर्नुमा, र जकात दिनुमा, र

रमजान महिनाको व्रत बस्नुमा, र बैतुल्लाहको हज्ज गर्नुमा । (यसलाई बुखारीले वर्णन गर्नु भएको छ, किताबुल् ईमान, बाबु दुआउहुम ईमानुकुम, हदीस नं. ८ । र मुस्लिमले, किताबुल् ईमान, बाबु बुनियल् इस्लामु अला खमसिन्, हदीस नं. १६)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो पनि भनाई छ कि:

" إذا رأيتموه فصوموا" ) أخرجه البخاري ، كتاب الصوم ، باب هل يقال : رمضان أو شهر رمضان ، رقم (1900)، ومسلم ، كتاب الصيام ، باب وجوب صوم رمضان لرؤية الهلال، رقم (1080).

अर्थ : जब तिमी चन्द्रलाई हेरिहाल त व्रत बस । ( यसलाई बुखारीले वर्णन गर्नु भएको छ, किताबुस्सौम, बाबु हल युकालू: रमजान अव शहरू रमजान, हदीस नं. १९०० । र मुस्लिम, किताबुस्सियाम, बाबु वजूबि सौमि रमजाना लेरुयतिल् हिलाल, हदीस नं. १०८०)

र मुसलमानहरूको यस कुरामा एकमत छ कि रमजानको व्रत फर्ज (अनिवार्य) छ, र यो इस्लामका आधारहरूमध्ये एक हो । त जसले यसको अनिवार्यताको इन्कार गऱ्यो त्यो काफिर भयो, यस अवस्था बाहेक कि त्यो कुनै दूरगम् स्थानमा बसोबास गरिरहेको होस् जता इस्लामका निर्देशनहरूको ज्ञान छैन, त यस्तो मानिसलाई काफिर भनिदैन, तर ज्ञान गारए पश्चात पनि यदि त्यो अटेरी गर्छ भने काफिर भइहाल्छ ।

र जसले यसलाई सुस्तीले गर्दा यसको अनिवार्यतालाई स्वीकारेर सुस्तीले कार्यन्वित गर्दैन, त त्यो खतराको मुहानमा छ । बरु केही विद्हरूले त यस्ता मानिसहरूलाई पनि काफिर भनेका छन् । तर यस विषयमा सत्य कुरो यो नै हो कि त्यो काफिर र मुरतद त हुँदैन तर पापीहरूमध्येको अवश्य भइहाल्छ, र त्यो विशाल खतरामा छ ।

# व्रतको दर्जा र श्रेष्ठता

प्रश्न: (१३०) आदरणीय शैख ज्यू, (इस्लाम) धर्ममा व्रतको के स्थान छ, र यसको विशेष रूपले रमजानमा र अरु पूजाहरूमाथि के कस्तो श्रेष्ठता छ ?

उत्तर: व्रतको इस्लाममा यो दर्जा छ कि त्यो इस्लामका प्रमुख पाँच विशाल आधारहरूमध्ये एक हो, जसलाई कार्यन्वयन नगरिकन् इस्लाम पूर्ण हुँदैन, नत मान्छे मुसलमान नै हुन्सक्छ ।

र इस्लाममा यसको श्रेष्ठता अत्याधिक छ जसलाई वर्णन गर्नु असम्भव छ, र उदाहरणको लागि यो हदीस हेर्नुस्: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"من صام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه" (أخرجه البخاري ، كتاب الصوم ، باب من صام رمضان إيمانً واحتساباً ونية ، رقم (1901)،

ومسلم، كتاب صلاة المسافرين، باب الترغيب في قيام رمضان، وهو التراويح، رقم (760).

अर्थ : जसले ईमानको अवस्थामा र अल्लाहसित प्रतिफलको आशान्वित भई रमजान महिनाको व्रत बस्दछ त त्यसका विगतका समस्त पापहरूलाई क्षमा गरिन्छ। ( यसलाई बुखारीले वर्णन गर्नु भएको छ, किताबुस्सौम, बाबु मन् सामा रमजाना ईमानन् वहतिसाबन् वनीयतन्, हदीस नं. १९०१ । र मुस्लिम, किताबु सलातिल् मुसाफेरीन, बाबुत्तरगीबि फि कियामे रमजाना वहुवात्तरावीह, हदीस नं. ७६०)

# बिना कुनै वैधानिक कारण रमजान महिनाको व्रत त्याग्नुको हुकुम

प्रश्नः (१३१) आदरणीय शैख ज्यू, बिना वैधानिक कारण रमजान महिनाका दिनहरूमा खानपान गर्नु अर्थात व्रत नबस्नुको के हुकुम छ ?

उत्तरः रमजान महिनाका दिनहरूमा बिना कुनै वैधानिक कारण व्रत नबस्नु अर्थात खानपान गर्नु महापापहरूमध्येको हो, र यसद्वारा मान्छे फासिक ( पापी) घोषित भइहाल्छ, र यस्तो गरेमा त्यसमाथि अनिवार्य छ कि त्यो मान्छे अल्लाहसित तौबा ( प्रयाश्चित) गरोस्, र जुन व्रत त्यसले त्यागेको छ त्यसको कजा (गन्ती पूर्ण) गरोस्, अर्थात त्यसको सट्टामा अरु दिनहरूमा व्रत बसेर व्रतको गणनालाई पूर्ण गरोस् । किनकि जब त्यसले व्रत बस्नु आरम्भ गऱ्यो अनि बीच दिनमा त्यसलाई भंग गऱ्यो त त्यसको पूर्णरूपले कजा गर्नु आवश्यक भयो । तर यदि कसैले बिहानैदेखि बिना कारण यो नीयत गऱ्यो कि आज त्यो व्रत बस्दैन, र त्यसको अनिवार्यता जानेर पनि यस्तो गऱ्यो र व्रतलाई त्याग्यो, त यस्तो

मान्छेमाथि कुनै कजा छैन, किनकि यस कजाद्वारा त्यो कुनै लाभ पाउने छैन, किनकि त्यसद्वारा यसको कजा पनि स्वीकार्य छैन, किनकि यो विधि छ कि: प्रत्येक त्यो पूजा जुन कुनै निर्धारित समयसित संलग्न छ, र त्यस पूजालाई बिना कुनै वैधानिक कारण त्यस समयबाट विलम्ब गरियो भने त्यसलाई स्वीकार गरिदैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

" من عمل عملاً ليس عليه أمرنا فهو رد" (تقدم

تخريجه تحت سؤال رقم: 64)

अर्थ : जसले कुनै यस्तो कार्य गऱ्यो जसको हामीले आदेश गरेका छैनौं त त्यो कार्य अस्वीकृत छ । ( यसको सन्दर्भ प्रश्न नं. ६४ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

र यस कारण पनि किनकि यस्तो गर्नु अल्लाहले निर्धारित गरेको सीमाको उल्लंघन गर्नु पनि हो, र अल्लाहले निर्धारित गरेको सीमा अतिक्रमण गर्नु

अत्याचार हो । र अत्याचारीबाट सुकार्य स्वीकार गरिदैन, अल्लाहको फर्मान छः

﴿ وَمَن يَتَعَدَّ حُدُودَ ٱللَّهِ فَأُوْلَٰٓئِكَ هُمُ ٱلظَّٰلِمُونَ ﴿٢٢٩﴾ ﴾

البقرة: ٢٢٩

अर्थ : र जुन मानिसहरू अल्लाहका सीमाहरू उल्लंघन गर्छन्, तिनीहरू अत्याचारी हुन् । (सूरतुल् बकरः २२९)

जसरी कि यदि मान्छेले यस पूजालाई त्यसको निर्धारित समयभन्दा अघि नै गरेको भए यो स्वीकार्य हुँदैन त्यस्तै यदि अकारण यसलाई त्यसको समयभन्दा विलम्ब गऱ्यो भने त्यो स्वीकार्य हुँदैन ।

## रमजान महिनाको पुष्टि कसरी हुन्छ ?

प्रश्नः (१३२) आदरणीय शैख ज्यू, रमजान महिना आरम्भ हुने कुराको पुष्टि कसरी हुन्छ ?

उत्तरः रमजान महिनाको आरम्भको पुष्टि याता चन्द्रलाई हेरेर हुन्छ वा शअ्बान महिनाको तीस दिन

पूर्ण भएमा हुन्छ । किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" إذا رأيتموه فصوموا ، وإذا رأيتموه فأفطروا ، فإن غم عليكم فأكملوا عدة شعبان ثلاثين " أخرجه[1] مسلم ، كتاب الصيام ، باب وجوب صوم رمضان لرؤية الهلال رقم (1081).

अर्थ : जब तिमी त्यसलाई (चन्द्रलाई) हेरिहाल त व्रतको आरम्भ गर, र जब यसलाई हेरिहाल ( शौवालको चन्द्रलाई) त व्रतलाई समाप्त गर, तर यदि बादलले गर्दा चन्द्रलाई नहेरियोस् त शअ्बान महिनालाई तीस दिनको पूर्ण गर । (यसलाई मुस्लिमले वर्णन गरेका छन्, किताबुस्सियाम, बाबु वुजूबि सौमि रमजाना लिरुउतिल् हिलाल, हदीस नं. १०८१)

# यदि मात्र एक मान्छेले चन्द्र हेरेको छ भने यसको के हुकुम छ ?

प्रश्नः (१३३) जब मात्र एउटा मान्छेले चन्द्र हेरेको होस् र त्यसको साथ अरु कसैले व्रत नबसेको होस् त यसको के हुकुम छ ?

उत्तरः जुन मान्छेले पनि चन्द्र हेरेको होस् त त्यसलाई चाहियो कि त्यो वैधानिक अदालतमा खबर गरोस् र चन्द्र हेर्ने गवाही देओस् । र रमजानको आरम्भ मात्र एक मान्छेको गवाहीले पनि हुन्सक्छ जब त्यसको गवाहीबाट न्यायधीश राजी भइहालोस् । तर यदि त्यसको गवाहीलाई भानिएन भने केही विद्हरूको भनाई अनुसार त्यस मान्छेलाई अनिवार्य छ कि त्यो व्रत बसोस्, किनकि त्यसलाई दृढ विश्वास छ कि त्यसले चन्द्र हेरेको छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" صوموا لرؤيته" ⁽ أخرجه البخاري ، كتاب الصوم ، باب قول النبي صلى الله عليه وسلم : " إذا رأيتم الهلال فصوموا..."، رقم (19090)، ومسلم، كتاب الصيام، باب وجوب صوم رمضان لرؤية الهلال، رقم (1081).

अर्थ : त्यसलाई (चन्द्रलाई) हेरेर व्रत बस । (यसलाई बुखारीले वर्णन गरेका छन्, किताबुस्सौम, बाबु कौलुन्नबी सल्लल्लाहो अलैहे वसल्लम: "इजा रअैतुमुल् हिलाला फसूमु...", हदीस नं. १९०९० । र मुस्लिम, किताबुस्सियाम, बाबु वुजूबि सौमे रमजाना लेरूयतिल् हिलाल, हदीस नं. १०८१)

र यस व्यक्तिले चन्द्रलाई हेरेको छ ।

तर केही विद्हरूले भनेका छन्: व्रत बस्नु त्यस व्यक्तिलाई पनि अनिवार्य छैन, किनकि व्रत त्यो नै हो जस दिनदेखि समस्त मानिसहरू व्रत बसुन्, र समस्त मानिसहरूले व्रतलाई परित्याग गरेमा नै व्रत परित्याग गरियोस्, किनकि समूहको साथ हुनु एकलै हुनुभन्दा राम्रो कुरो हो । र केही विद्हरूको भनाई

छ किः त्यो गोप्य तरिकाले व्रत बसोस्, किनकि त्यसले चन्द्र हेरेको छ जसलेगर्दा व्रत त्यसमाथि अनिवार्य भयो, तर गोप्य तरिकाले व्रत बसोस् ताकि समूहको विरोध नप्रकट होस् ।

## व्रतका आधारहरू

**प्रश्नः (१३४) आदरणीय शैख ज्यू, व्रतका आधारहरू के के हुन् ?**

उत्तरः व्रतको मात्र एक आधार छ, र त्यो होः अल्लाहको पूजा गर्नु फज्र उदयदेखि सूर्यास्तसम्म समस्त प्रकारका खानपान त्यागेर । र फज्रको अर्थ हो दोस्रो फज्रउदय, जसका तीन विशेषता र लक्षणहरू छन्ः

पहिलोः पहिलो फज्रउदय क्षितिजमा पूर्वदेखि पश्चिमसम्म फैलिएको हुन्छ, र दोस्रो फज्र उदय हुँदा त्यो उत्तरदेखि दक्षिणसम्म फैलिएको हुन्छ ।

दोस्रोः दोस्रो फज्र उदय भए पश्चात पुनः अँध्यारो हुँदैन बरु प्रकाशमा वृद्धि हुँदै जान्छ यहाँसम्म कि

सूर्य उदय भइहाल्छ, जबकि पहिलो फज्र उदय भए पश्चात अँध्यारो भइहाल्छ ।

तेस्रोः दोस्रो फज्र क्षितिजमा समाप्त हुनुसित संलग्न छ, तर पहिलो फज्र र क्षितिजबीच अँध्यारो हुन्छ । र पहिलो फज्रसित कुनै पनि वैधानिक कार्य संलग्न छैन, यसर्थ त्यसको उदय भएमा नत फज्रको नमाज पढनु नै हलाल छ नत व्रतालुमाथि खानु पिउनु नै हराम छ जस्तो कि दोस्रो फज्र उदय पश्चात हराम हुन्छ ।

## कसमाथि व्रत बस्नु अनिवार्य छ

**प्रश्नः (१३५) आदरणीय शैख ज्यू, कस कसमाथि रमजानको व्रत बस्नु अनिवार्य छ ?**

उत्तरः रमजानको व्रत बस्नु अनिवार्य छ प्रत्येक मुसलमान, बुद्धिमान, व्यस्क, मुकीम (यात्रामा नभएको मान्छे) कारणमुक्तमाथि । त यी ६ विशेषता हुन् जुन मान्छेमा पाइनु आवश्यक छ त्यसमाथि रमजानको व्रत अनिवार्य हुने सन्दर्भमा । यसर्थ काफिर नास्तिकमाथि नत रमजानको व्रत अनिवार्य

नै छ नत अरु कुनै पूजा । त हाम्रो भनाईको तात्पर्य यो हो कि त्यसलाई नास्तिकताको अवस्थामा यसलाई गर्नुमा बाध्य गरिन्न, र यदि त्यसले इस्लाम कबूल गऱ्यो भने त्यसमाथि यसको कजा पनि अनिवार्य छैन, किनकि काफिरबाट त्यसको कुफ्रको अवस्थामा कुनै पूजा स्वीकार गरिदैन, अल्लाहको फर्मान छः

﴿ وَمَا مَنَعَهُمْ أَن تُقْبَلَ مِنْهُمْ نَفَقَـٰتُهُمْ إِلَّآ أَنَّهُمْ كَفَرُوا۟ بِٱللَّهِ وَبِرَسُولِهِۦ ﴾ التوبة: ٥٤

अर्थ : उनीहरूको खर्च स्वीकार्य हुनमा यसबाहेक अरु कुनै कुरा बाधक छैन, कि उनीहरू अल्लाह र उसको रसूलको अवज्ञाकारी हुन् । (सूरतुत्तौबा ५४)

र त्यसलाई यसको कजा गर्नुको पनि आदेश गरिन्न नत त्यसलाई यस कुरामा बाध्य गरिन्छ जब त्यो इस्लाम कबूल गरोस् किनकि अल्लाहको फर्मान छः

﴿ قُل لِّلَّذِينَ كَفَرُوٓاْ إِن يَنتَهُواْ يُغۡفَرۡ لَهُم مَّا قَدۡ سَلَفَ ﴾ الأنفال: ٣٨

अर्थ : तपाईले यी काफि़रहरूसित भनिदिनुस् कि यदि उनीहरूले (आफ्ना क्रियाकलाप) त्यागीदिन्छन् भने उनीहरूका पहिलाका पापहरू क्षमा गरिदिइनेछ । (सूरतुल् अन्फाल ३८)

तर त्यसको नास्तिकताको अवस्थामा छाडिएका पूजाबारे त्यससित सोध्पूछ गरिन्छ, वा दण्डित गरिन्छ, किनकि अल्लाहले कुरआनमा अत्याचारी र स्वर्गीयहरूबीचको वार्तालापलाई यसरी वर्णन गरेको छः

﴿ مَا سَلَكَكُمۡ فِي سَقَرَ ٤٢ قَالُواْ لَمۡ نَكُ مِنَ ٱلۡمُصَلِّينَ ٤٣
وَلَمۡ نَكُ نُطۡعِمُ ٱلۡمِسۡكِينَ ٤٤ وَكُنَّا نَخُوضُ مَعَ ٱلۡخَآئِضِينَ
٤٥ وَكُنَّا نُكَذِّبُ بِيَوۡمِ ٱلدِّينِ ٤٦ حَتَّىٰٓ أَتَىٰنَا ٱلۡيَقِينُ ٤٧ ﴾

المدثر: ٤٢ - ٤٧

अर्थ : तिमीलाई कुन कुरोले नर्कमा ल्यायो ? उनीहरूले जवाफ दिनेछन् कि हामी नमाजी थिएनौं । र न निमुखाहरूलाई (मिस्कीनलाई) खाना खुवाउँथ्यौ, र हामीले विवाद गर्ने असत्यवादीहरूका साथमा मिलेर व्यस्त हुने गर्दथ्यौं । र बदलाको दिन (कियामत) लाई असत्य ठहराउँथ्यौ । यहाँसम्म कि हामीलाई मुत्यु आइलाग्यो । (सूरतुल् मुद्दस्सिर ४२-४७)

त अल्लाहको यो वर्णन कि उनीहरू भन्छन् कि: हाम्रो नर्कमा हुने कारण यो हो कि हामी नमाजलाई त्यागदथ्यौं र गरिबहरूलाई खाना खुवाउँदैनथ्यौं, यस कुराको प्रमाण हो कि यसलाई त्यागनु नर्कमा जाने कारण हो ।

बरु काफिर मानिसलाई ती समस्त कुराहरूमा दण्डित गरिन्छ जसलाई त्यो अल्लाहको अनुकम्पाबाट उपभोग गर्छ जसरी खाना पानी, लुगाफाँट आदिद्वारा लाभान्वित हुनुमा पनि, किनकि अल्लाहको फर्मान छ:

﴿ لَيۡسَ عَلَى ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ جُنَاحٞ فِيمَا طَعِمُوٓاْ إِذَا مَا ٱتَّقَواْ وَّءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ ثُمَّ ٱتَّقَواْ وَّءَامَنُواْ ثُمَّ ٱتَّقَواْ وَّأَحۡسَنُواْۚ وَٱللَّهُ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ٩٣ ﴾ المائدة: ٩٣

अर्थ : जुन मानिसहरू आस्थावान छन् र असल काम गर्दछन् तिनीहरूमाथि यस्ता कुराहरूको पाप लाग्दैन कि तिनीहरू खाई पिई रहेका छन् जब कि तिनीहरू आत्मसंयम र आस्था राख्दछन् र सतकर्म गर्दछन् । र त्यस पश्चात पुनः संयमको साथ विश्वास गर्दछन्, भने पुनः संयमको असल कामहरू गरिरहन्छन् । अल्लाह यस्ता सतकर्मीहरूलाई मायाँ गर्दछ । (सूरतुल् माइदः ९३)

त जब आस्थावानहरूले अल्लाहको अनुकम्पाबाट लाभान्वित हुनुमा कुनै आपत्ति छैन भने यसको अर्थ यो भयो कि काफिरले त्यसको उपभोग गरेमा आपत्ति छ । र अल्लाहको यस भनाईको कारणले पनि:

﴿ قُلۡ مَنۡ حَرَّمَ زِينَةَ ٱللَّهِ ٱلَّتِيٓ أَخۡرَجَ لِعِبَادِهِۦ وَٱلطَّيِّبَٰتِ مِنَ ٱلرِّزۡقِۚ قُلۡ هِيَ لِلَّذِينَ ءَامَنُواْ فِي ٱلۡحَيَوٰةِ ٱلدُّنۡيَا خَالِصَةٗ يَوۡمَ ٱلۡقِيَٰمَةِۗ ﴾ الأعراف: ٣٢

अर्थ : तपाई भन्नुस् कि आभूषण र खाने पिउने पवित्र कुराहरू जुन अल्लाहले आफ्नो उपासकहरूको लागि बनाएको छ, तिनलाई त्याज्य कसले बनाएको छ ? भनिदिनुस्, यी कुराहरू सांसारिक जीवनमा पनि ईमान भएकाहरूका निम्ति हुन् र कियामतको दिन विशेषरूपले तिनैको भागमा हुनेछन् । (सूरतुल् अअ्राफ ३२)

त अल्लाहको यो कथन कि: “ भनिदिनुस्, यी कुराहरू सांसारिक जीवनमा पनि ईमान भएकाहरूका निम्ति हुन् र कियामतको दिन विशेषरूपले तिनैको भागमा हुनेछन् ।” यस कुरालाई स्पष्ट गर्छ कि आस्थावानको हुकुम अनास्थावानभन्दा भिन्न छ । तर यदि काफिर मान्छे बीच रमजानमा इस्लाम कबूल गऱ्यो त त्यसलाई बितेको रमजानको

व्रतको कजा गर्नुमाथि बाध्य गरिन्न । यसर्थ यदि त्यो पन्द्रहौं रात्रीमा इस्लाम कबूल गऱ्यो त बितेको १४ दिनको व्रतको कजा गर्नु त्यसलाई अनिवार्य छैन । र यदि दिनको समय इस्लाम कबूल गर्छ त त्यो त्यस दिन खानु पिउनुबाट रुकोस्, तर त्यस दिनको कजा गर्नु पर्दैन । उदाहरण स्वरूप यदि त्यसले सूर्य ढल्किने समय इस्लाम कबूल गऱ्यो भने त्यो बाँकी बचेको दिन अर्थात त्यस दिनको साँझसम्म खानपान नगरोस्, तर यस दिनको कजा पनि त्यसमाथि अनिवार्य छैन, किनकि जब इस्लाम कबूल गऱ्यो त खानपानबाट रुक्नु अनिवार्य भयो, त हामी त्यसलाई खानपानबाट रुक्ने आदेश गर्छौं र कजाको आदेश गर्दैनौं, किनकि जुन कुरा त्यसमाथि इस्लाम अंगीकार गरे पश्चात अनिवार्य थियो त्यसलाई त्यसले गऱ्यो, र त्यो कुरो हो खानपानबाट रुक्नु, त त्यसलाई पुनः त्यसै कार्यलाई गर्ने आदेश कसरी गर्न सकिन्छ ?

र रह्यो कुरो बुद्धि (मनीष) कोः त बुद्धिको अर्थ हो कि मान्छे बस्तु र कुराहरूबीच अन्तर र भिन्नता गर्न सकोस्, यसर्थ यदि मान्छे बुद्धिहीन छ भने

त्यसमाथि व्रत बस्नु अनिवार्य छैन, जसरी कि त्यसमाथि अन्य पूजाहरू अनिवार्य छैनन् जकात बाहेक। र बुद्धिहीनहरूमध्ये त्यो मान्छे पनि हो जुन यदि जीर्ण अवस्थासम्म पुगिसकेको होस् कि आफ्नो सुझबुझ गुमाइसकेको होस् र जसलाई निकै बुढो भनिन्छ । त यस्ता मानिसहरूमाथि व्रत बस्नु अनिवार्य छैन, नत उनीहरूको तर्फबाट खाना नै खुवाउनु पर्छ, किनकि उनीहरूमाथि व्रत नै अनिवार्य छैन ।

र रहयो तेस्रो विशेषता त त्यो हो व्यस्कताः र व्यस्कता प्राप्ति निम्नमा वर्णित तीन कुरामध्ये कुनै कुराद्वारा हुन्छः याता मान्छे १५ वर्षको भइहालोस् । वा त्यसको गुप्ताङ्गमा रौंको उत्पात भइहालोस्, र यो त्यो रौं हो जुन अघिल्लो गुप्ताङ्ग वरिपरि उत्पन्न हुन्छ। वा रमाइलो स्वादको साथ वीर्य पतन होस् सुत्दैमा (स्वप्नदोष) होस् वा जाग्दैमा। र महिलाको एउटा चौथो लक्षण पनि छ कि त्यसलाई रजस्वला आउन थालोस्। यसर्थ नर नारीमध्ये जुन पनि १५ वर्ष पूर्ण गरोस् त्यो व्यस्क भयो, र १५ वर्षभन्दा अघि नै जसको गुप्ताङ्गमा रौंको उत्पात भइहालोस्

त्यो पनि व्यस्क भयो, र रमाइलो आभासको साथ जसलाई वीर्य पतन हुन लागोस् चाहे त्यो बालक होस् वा बालिका त्यो व्यस्क भयो, र चाहे यो १५ वर्षभन्दा अघि किन नहोस् । र यस्तै जुन बालिकालाई रजस्वला आउन थालोस् त्यो व्यस्क भई, र कहिले काहिँ बालिकालाई दश वर्षको उमेरमा नै रजस्वला आउन थाल्दछ। र यस ठाउँमा हामी एउटा यस्तो समस्याबारे सावधान गर्न चाहन्छौं जसबाट अधिकांश मानिसहरू अनभिज्ञ हुन्छन्, र त्यो विषय रजस्वलाको हो कि कतिपय महिलाहरूलाई उनीहरूको कम उमेरमा नै रजस्वला आउन थाल्दछ तर यसलाई बेवास्ता गरेर उनी नमाज व्रतको आयोजना गर्दैनन्, र उनीलाई यो थाहा हुँदैन कि उनीमाथि अब व्रत र अरु पूजाहरू अनिवार्य भए, किनकि त्यो व्यस्क भई, किनकि अधिकांश मानिसहरूको यो दृष्टिकोण हुन्छ कि व्यस्कता त १५ वर्षको उमेरमा नै हुन्छ, तर यस धारणाको कुनै प्रमाण छैन, तर यदि मान्छे व्यस्क भए छैन भने त्यसमाथि व्रत अनिवार्य छैन । तर विद्हरूले यो कुरा पनि वर्णन गरेका छन् कि

बालबालिकाका सरप्रस्तहरूलाई चाहियो कि पहिलादेखि नै उनीहरूलाई व्रत बस्नुमा प्रोत्साहित गरुन् ताकि जब उनीहरूले व्यस्क भए पश्चात उनीहरूमाथि यो अनिवार्य होस् त उनीलाई कुनै कष्ट नहोस् । र यस्तै सहाबाहरू पनि गर्थे र उनीहरूलाई व्रत बसाल्दथे अनि जब उनीहरू भोकले रुन थाल्थे त उनीलाई खेल्ने कुराहरू दिन्थे यहाँसम्म कि सूर्य अस्त भइहाल्थ्यो ।[1]

चैथो विशेषता यो हो कि मान्छे त्यसमाथि सूक्ष्म होस्, अर्थात बिना कष्ट त्यसलाई बस्नुमा सामर्थ्यवान होस्, र यदि मान्छे व्रत बस्नुमा सामर्थ्यवान छैन भने त्यसमाथि यो (व्रत बस्नु) अनिवार्य छैन ।

र असमर्थताको दुई थरी हुन्छः

पहिलो थरीः व्रत नबस्नुको कारण निरन्तर रहोस् जसरी यस्तो रोगी जसको रोग निरन्तर रहोस् र

[1] बुखारी, किताबुस्सौम, बाबु सौमिस्सिबियान, हदीस नं. १९६० । र मुस्लिम, किताबुस्सियाम, बाबु मन अकला फि आशूरा फलयकफि बकीयता यौमिही, हदीस नं. ११३६ ।

त्यसबाट स्वस्थ हुने सम्भावना नहोस् । वा बुढो मान्छे होस् जुन बुढेसकालको कारण व्रत बस्नुमा असमर्थ होस्, त यस्ता खालका मानिसहरू व्रतको प्रत्येक दिनको सट्टामा एक मिस्कीनलाई खाना खुवाउनु, त यदि रमजान महिना तीस दिनको होस् भने तीस दिन, र यदि २९ दिनको महिना छ भने २९ दिन कुनै गरिबलाई भोजन गराउन् । र गरिब मिस्कीनलाई भोजन गराउनुको पनि दुई तरिका छः

पहिलो तरिकाः यो कि मान्छे एक साअ्को चौथाइ नबी सल्लल्लाहो अलैहे वसल्लमको साअ्ले वा वर्तमान साअ्ले एक साअ्को पाँचौं भाग चामल गहूँ आदिबाट निकालोस् जुनकि वर्तमान तौलमा लगभग २ किलो ४० ग्रामको हुन्छ, त एक साअ् चार मिस्कीनको खाना भयो, त यस्तै हिसाब गरेर २९ वा ३० मिस्कीनको लागि चामल आदि निकालोस्, र त्यहाँको रीति अनुसार जुन चामलको साथ खाइन्छ त्यो पनि देओस्, तर यो दिनु अनिवार्य छैन, अनिवार्य मात्र चामल गहूँ आदि छ, तरकारी आदि अनिवार्य छैन, तर त्यहाँ चामलको साथमा तरकारी

आदि खाइन्छ भने त्यो पनि दिनु उचित र राम्रो कुरो हो ।

दोस्रो तरिका: यति भोजन पकाइयोस् कि त्यो ३० अथवा २९ मिस्कीनलाई पर्याप्त होस्, अनि उनीलाई बोलाएर खुवाइयोस्, जस्तो कि हजरत अनस रजिअल्लाहो अन्होको बारेमा वर्णित छ जब उनी वृद्ध भएका थिए । र यो जायज छैन कि मात्र एक मान्छेलाई नै तिसौं मान्छेलाई खुवाउने खाना खुवाइयोस्, अर्थात यो आवश्यक छ कि प्रत्येक दिनको साटो एक मिस्कीनलाई खुवाइयोस् ।

र चौथो विशेषताको दोस्रो थरी हो त्यो असमर्थता जुन निरन्तर रहँदैन बरु समाप्त भइहाल्छ, जसरी व्रतको समयमा लागेको विरामी जसको कारण त्यो व्रत बस्न सक्दैन, त यस मान्छेलाई हामी भन्छौं कि अहिले तिमी व्रत नबस तर पछि त्यसको कजा गरिदिनु । किनकि अल्लाहको फर्मान छ:

﴿ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ﴾ البقرة: ١٨٥

अर्थ : जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (ब्रत बसी) त्यसको गणना पूरा गरोस् । (सूरतुल् बकर: १८५)

पाँचौं विशेषता: यो कि मान्छे नगरमा होस् यात्रामा नहोस्, र यात्रु त्यो हो जसले आफ्नो गाउँघरबाट हिंडिसकेको होस्, त यस्तो यात्रुमाथि ब्रत बस्नु अनिवार्य छैन, किनकि अल्लाहको फर्मान छ:

﴿ وَمَن كَانَ مَرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ﴾ البقرة: ١٨٥

अर्थ : जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (ब्रत बसी) त्यसको गणना पूरा गरोस् । (सूरतुल् बकर: १८५)

तर उचित र उत्तम त यो नै छ कि त्यो पनि व्रत बसोस् यदि व्रत बसेमा त्यसलाई सामान्य अवस्थाभन्दा अधिक कष्ट नहोस्, त यस्तो अवस्थामा त्यसको लागि व्रत बस्नु नै श्रेष्ठ छ । किनकि हजरत अबू दरदा रजिअल्लाहो अन्होको भनाई छ कि: हामी रमजानको महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा अति गर्मी र तापको दिनमा थियौं, र हामीमध्ये रसूल सल्लल्लाहो अलैहे वसल्लम र अब्दुल्लाह बिन रवाहा बाहेक कोही पनि व्रत बसेको थिएन ।[1]

तर यदि व्रत बसेमा मान्छेलाई कष्ट होस् भने त अनिवार्यतया व्रतलाई भंग गरिदेओस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो गुनासो गरियो कि यस यात्रामा व्रत बस्नुले मानिसहरू कष्टमा परेका छन् त रसूल सल्लल्लाहो अलैहे वसल्लम तुरुन्तै व्रत भंग गरिहाले त उहाँसित भनियो कि: केही मानिसहरूले व्रतलाई भंग गरेका छैनन् बरु व्रत बसेकै अवस्थामा छन्, त उहाँले भन्नु भयो:

---

[1] बुखारी, किताबुस्सौम, हदीस नं. १९४५ । र मुस्लिम किताबुस्सियाम बाबुत्तख्यीर फिस्सौमे वल् फित्रे फिस्सफर, हदीस नं. ११२२ ।

" أولئك العصاة، أولئك العصاة" ) أخرجه مسلم، كتاب الصيام، باب جواز الصوم والفطر في شهر رمضان للمسافر في غير معصية، رقم (1114).

अर्थ : उनीहरू नै अवज्ञाकारी हुन्, उनीहरू नै अवज्ञाकारी हुन् । (मुस्लिम, किताबुस्सियाम, बाबु जवाजिस्सौम वल् फित्र फि शहरे रमजाना लिल् मुसाफिरे फि गैरे मअ्सियतिन्, हदीस नं. १११४)

छठौं विशेषता: यो कि त्यो मान्छे व्रतको अनिवार्यतालाई स्थगित गर्ने कारणबाट मुक्त होस्, र यो विशेषता महिलाहरूसित विशिष्ट छ । यसर्थ महिलामाथि व्रत अनिवार्य हुनुको लागि आवश्यक छ कि त्यो रजस्वला र सुत्केरीको अवस्थामा नहोस्, यसर्थ यस अवस्थामा त्यो व्रत बस्दैन, बरु यसको सट्टामा अरु दिनहरूमा व्रत बसेर यसको कजा गरोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ यस कुराको सहमतिमा:

" أليس إذا حاضت لم تصل ولم تصم "[1] أخرجه البخاري ، كتاب الصوم ، باب الحائض تترك الصوم والصلاة ، رقم (1951).

अर्थ : के महिलाको अवस्था यस्तो छैन कि त्यो रजस्वलाको अवस्थामा व्रत र नमाजको आयोजना गर्दैन । (बुखारी, किताबुस्सौम, बाबुल् हाइजि ततरुकुस्सौम वस्सलात, हदीस नं. १९५१)

यसर्थ जब महिलालाई रजस्वला आओस् त त्यसमाथि कुनै व्रत छैन बरु त्यसको सट्टामा अरु दिनहरूमा व्रत बसेर यसको गणनालाई पूर्ण गर्छे ।

र यस विषयमा दुई महत्वपूर्ण कुराहरू छन् जसतिर ध्यान दिनु आवश्यक छ:

पहिलो: केही महिलाहरू रात्रीको अन्तिम भागमा रजस्वलाबाट पवित्र भइहाल्छिन्, र उनीलाई यो ज्ञान भइहाल्छ कि उनी पवित्र भइन् तै पनि त्यस दिनको व्रत बस्दैनन् यस भ्रममा कि स्नान नगरिकन् व्रत सही र शुद्ध हुँदैन । तर कुरो यस्तो छैन, बरु

त्यसको व्रत सही र शुद्ध हुन्छ यद्यापि त्यो स्नान सूर्य उदय भए पश्चात किन नगरोस् ।

दोस्रो: कतिपय महिलाहरू व्रत बस्दछिन् अनि इफ्तारी पनि गरिहाल्छिन् अनि मग्रिबको नमाज पढनुभन्दा अघि नै तिनीहरूलाई रजस्वला आइहाल्छ त उनी यस भ्रममा परिहाल्छिन् कि यस दिनको व्रत पूर्ण भएन । र केही महिलाहरू अरु अगाडि बढिकन् भन्छिन् कि: यदि त्यसलाई इशाको नमाजभन्दा पहिला रजस्वला आयो भने त्यस दिनको व्रत पूर्ण भएन, बरु भंग भयो, तर यी समस्त धारणाहरू सही छैनन् । यदि महिलाले सूर्य अस्त हुने बेलासम्म रगत हेरेको छैन भने त्यसको व्रत पूर्ण र सही छ यद्यापि सूर्य अस्तको एक क्षण पश्चात नै रजस्वला किन नआएको होस्, तै पनि त्यसको व्रत पूर्ण र सही छ ।

त यदि यी ६ विशेषता कुनै मान्छेमा पाइन्छ भने त्यसमाथि व्रत अनिवार्य भइहाल्छ, र त्यसको लागि यो हलाल छैन कि त्यो व्रतलाई त्यागोस् । र यदि यी विशेषतामध्ये एउटा पनि पाइएन त त्यसको

हुकुम उस्तै छ जसरी हामीले उपरोक्तमा वर्णन गरें ।

## नमाज नपढने मान्छेको व्रतको हुकुम

प्रश्नः (१३६) आदरणीय शैख ज्यू, जुन मान्छे नमाज पढ्दैन त्यसको व्रतको के हुकुम छ ?

उत्तरः नमाज नपढने मान्छेको व्रत सही छैन नत त्यसको व्रतलाई कबूल नै गरिन्छ । किनकि नमाजलाई त्याग्ने मान्छे मुरतद र काफिर भइहाल्छ । अल्लाहको फर्मान छः

﴿ فَإِن تَابُواْ وَأَقَامُواْ ٱلصَّلَوٰةَ وَءَاتَوُاْ ٱلزَّكَوٰةَ فَإِخۡوَٰنُكُمۡ فِي ٱلدِّينِۗ ﴾ التوبة: ١١

अर्थ : अहिले पनि यिनीहरूले प्रायश्चित गर्छन् र नियमित नमाज़ कायम गर्दछन् र ज़कात दिन्छन्, त धर्ममा तिम्रा दाजुभाइ हुन् । (सूरतुत्तौबा ११)

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"العهد الذي بيننا وبينهم الصلاة، فمن تركها فقد كفر؟" (تقدم تخريجه تحت سؤال رقم: 88).

अर्थ : हामी र उनी (काफिर) बीच नमाज नै कसौटी र अठोट हो त जसले यसलाई त्याग्यो त्यो काफिर भयो । (यसको सन्दर्भ प्रश्न नं. ८८ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

र अर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" بين الرجل وبين الشرك والكفر ترك الصلاة" (تقدم تخريجه تحت سؤال رقم: 47).

अर्थ : मान्छे र बहुदेववाद र कुफ्रबीच अन्तर गर्नेवाला कुरा नमाजलाई त्याग्नु नै हो । (यसको सन्दर्भ प्रश्न नं. ४७ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

र यो नै अधिकांश सहाबाहरूको कथन हो, यसर्थ जुन मान्छेले नमाजलाई अकारण त्याग्यो त्यो काफिर भयो ।

प्रसिद्ध ताबई अब्दुल्लाह बिन शकीक रहेमहुल्लाहको भनाई छः रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू नमाज त्याग्नु बाहेक अरु कुनै कुरालाई त्याग्नुलाई नास्तिकता मान्दैनथे ।

यसलेगर्दा यदि कुनै मान्छे नमाज पढदैन तर व्रत बस्छ भने त्यसको व्रत अस्वीकृत छ, र प्रलयको दिन त्यसलाई यो व्रत कुनै लाभ पुऱ्याउने छैन । यसर्थ हामी यस्तो मान्छेलाई परामर्श दिन्छौं कि पहिला नमाजको आयोजना गर अनि व्रत बस । र यदि तिमी मात्र व्रत बस्दछौ र नमाज पढदैनौ भने तिम्रो व्रत पनि अस्वीकृत छ किनकि काफिरबाट कुनै पनि पूजा स्वीकार्य छैन ।

## त्यस मान्छेको हुकुम जुन मात्र रमजानमा व्रत बस्छ र नमाजको आयोजना गर्छ

प्रश्नः (१३७) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जुन रमजान आए पश्चात त नमाज व्रत दुवैको आयोजना गर्छ, तर जब रमजान समाप्त भइहाल्छ त त्यो नत नमाज नै पढछ नत व्रत नै बस्छ ?

उत्तरः प्रमाणहरूको प्रकाशमा जुन मलाई ज्ञात भएको छ त्यो यो हो कि नमाजलाई त्याग्नु तबसम्म नास्तिकता हुँदैन जबसम्म मान्छे त्यसलाई पूर्णतया नत्यागोस्, तर जुन मान्छे कहिले नमाजलाई त्याग्छ र कहिले पढछ त त्यो काफिर हुँदैन, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"العهد الذي بيننا وبينهم الصلاة، فمن تركها فقد كفر؟" (تقدم تخريجه تحت سؤال رقم: 88).

अर्थ : हामी र उनी (काफिर) बीच नमाज नै कसौटी र अठोट हो त जसले यसलाई त्याग्यो त्यो काफिर भयो । (यसको सन्दर्भ प्रश्न नं. ८८ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

र अर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

) " بين الرجل وبين الشرك والكفر ترك الصلاة"

تقدم تخريجه تحت سؤال رقم: 47).

अर्थ : मान्छे र बहुदेववाद र कुफ्रबीच अन्तर गर्नेवाला कुरा नमाजलाई त्याग्नु नै हो । (यसको सन्दर्भ प्रश्न नं. ४७ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।)

तर त्यो मान्छे जुन मात्र रमजानमा नमाज पढछ र व्रत बस्छ त्यसको ईमानबारे मलाई सन्देह छ किनकि यदि त्यो वास्तवमा आस्थावान हुन्थ्यो भने त रमजानमा र रमजान बाहेकका दिनहरूमा पनि नमाजको आयोजना गर्‍थ्यो । तर त्यो मात्र रमजानमा आफ्नो प्रतिपालकलाई जान्दछ र त्यसको समीप आउँछ, त म त्यसको ईमानमा त शंका गर्दछु तर त्यसलाई काफिर भन्दैन, र त्यसको हुकुम अल्लाहको हवाले गर्दछु ।

## त्यस मान्छेको हुकुम जुन केही दिन व्रत बस्दछ त केही दिन व्रतलाई त्यागदछ ?

प्रश्नः (१३८) आदरणीय शैख ज्यू, त्यस मान्छेको जुन (रमजानको) केही दिनको त व्रत बस्छ तर केही दिनको व्रत त्यागिदन्छि ?

उत्तरः यसको उत्तर यसभन्दा पहिलाको उत्तरबाट बुझ्न सकिन्छ, र त्यो हो कि जुन मान्छे केही दिन व्रत बस्दछ र केही दिन त्यागदछ त त्यो इस्लामबाट नष्किासित हुँदैन, बरु यस विशाल अनिवार्य कार्यलाई त्याग्नुले त्यो पापी घोषित हुन्छ जुनकि इस्लामका आधारहरूमध्येको पनि हो । र जुन व्रत त्यसले जानेर त्यागेको छ त्यसको कजा पनि गर्दैन, किनकि त्यसको कजा त्यसलाई कुनै लाभ पुऱ्याउने छैन, किनकि समयसित सीमित भएको पूजालाई यदि मान्छे बिना वैधानिक कारण विलम्ब गर्छ भने त्यसको समय समाप्त भए पश्चात त्यसलाई स्वीकार गरिन्न ।

## छुटेका केही महिनाको व्रतको कजा

प्रश्न: (१३९) आदरणीय शैख ज्यू, यदि कसैले विगतका केही रमजान महिनाको व्रतलाई व्यस्क भए पश्चात त्यागेको छ, अनि अहिले त्यसले आफ्नो अवस्थालाई सुधार्यो, त के विगतका व्रतहरूको कजा गर्छ ?

उत्तर: विद्हरूको सही कथन अनुसार त्यसले बिना वैधानिक कारणले त्यागेको व्रतहरूको कजा गर्दैन, त्यस विधि अन्तर्गत कि जब मान्छे कुनै पूजालाई अकारण त्यसको निर्धारित समयबाट विलम्बित गरिदिन्छ त त्यसको कुनै कजा छैन । किनकि त्यसको कजा त्यसलाई कुनै लाभ पुऱ्याउने छैन, र यसको प्रमाण उपरोक्तमा नै कुरआन र सुन्नतद्वारा हामीले वर्णन गरिसकेका छौं । यसर्थ जब कुनै मान्छे आफ्नो नवयुवक भएको अवस्थामा नमाज व्रतको आयोजना गर्दैनथ्यो, तर अल्लाहले त्यसमाथि उपकार गऱ्यो, र त्यसलाई मार्गदर्शित गऱ्यो अनि त्यो नमाज पनि पढन थाल्यो र व्रत पनि बस्न थाल्यो, त विगतमा छुटेका नमाज व्रतको कजा त्यसलाई अनिवार्य छैन । र यस्तै यदि त्यो जकात दिन्थ्यो तर नमाज व्रतको पाबन्द थिएन तै पनि

त्यसमाथि कजा अनिवार्य छैन त्यस विधि अनुसार जसलाई हामीले अघि नै वर्णन गरें कि जब मान्छेले अकारण कुनै सीमित पूजालाई त्यसको निर्धारित समयबाट अवलम्बित गर्छ त त्यसको समय बिते पश्चात त्यसलाई स्वीकार गरिन्न त जब स्वीकार्य हुँदैन त त्यसको कजाको कुनै लाभ छैन ।

## रमजानका व्रतहरूलाई छोड्ने कारणहरू (उज्रहरू)

प्रश्नः (१४०) आदरणीय शैख ज्यू, ती कुन कारणहरू हुन् जसलेगर्दा रमजानमा व्रतलाई त्याग्नु जायज भइहाल्छ ?

उत्तरः रमजानको व्रत त्याग्ने कारणहरूमध्ये केहीलाई हामीले अघि नै वर्णन गरें जसरी रोग र यात्रा । र त्यसै कारणहरूमध्ये यो पनि हो कि महिला गर्भवती होस् र व्रत बसेमा त्यसलाई आफूमाथि वा आफ्नो गर्भाशयमा भएको बच्चामाथि हानि नोक्सानी वा ज्यानको भय होस् । र यस्तै जुन महिला आफ्नो बच्चालाई दूध खुवाइरहेको होस् अनि व्रतद्वारा आफूमाथि वा

आफ्नो बच्चामाथि कुनै प्रकारको हनिको भय मानोस् ।

र यस्तै यस कारणमध्ये यो पनि हो कि मान्छे कुनै मान्छेलाई बचाउनुको लागि व्रत त्यागोस् जसरी कुनै मान्छे ढुबीरहेको होस् वा कुनै मान्छे यस्तो ठाउँमा फँसेको होस् जसको चारैतिरबाट आगो लागेको होस्, त जुन मान्छे तिनीलाई बचाउन चाहन्छ त्यसलाई व्रत त्याग्नु आवश्यक परेमा त्यो व्रतलाई भंग गरेर तिनको ज्यान बचाओस् यस्तो गर्नुको त्यसलाई इजाजत छ । र यस्तै यसका कारणहरूमध्ये यो पनि हो कि मान्छे व्रत त्यागेर धर्मयुद्धको तयारी गरिरहेको होस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले फतह युद्धमा भनेका थिए कि:

" إنكم مصبحوا عدوكم، والفطر أقوى لكم فأفطروا" (أخرجه مسلم ، كتاب الصوم، باب أجر المفطر في السفر إذا تولى العمل ، رقم (1120)

अर्थ : तिमी बिहानै नै शत्रुहरूको सामना गर्नेछौ र व्रत नबस्नु तिमीहरूको लागि शक्तिदायक हुनेछ यसर्थ व्रत भंग गरिदेऊ । (यसलाई मुस्लिमले वर्णन गरेका छन्, किताबुस्सौम, बाबु अज्रिल् मुफ्तिरे फिस्सफरे इजा तवल्लल् अमल, हदीस नं. ११२०)

यसर्थ जब कुनै वैधानिक करणले मान्छेले व्रत त्याग्यो त त्यसलाई पूर्ण दिन खानपानबाट रुक्नु आवश्यक छैन ।

त यदि कुनै मान्छेले कुनै मान्छेलाई बचाउनको लागि व्रत भंग गरेको छ भने पूर्ण दिन खानपान गर्छ, किनकि त्यसले वैधानिक कारणले व्रत भंग गरेको छ, त यसलाई दिनको पूर्ण भागमा खानपानबाट रुक्नु आवश्यक छैन, किनकि त्यस दिन खानपान गर्नुको निषेधितता वैधानिक कारणद्वारा स्थगित भइसकेको छ । यसलेगर्दा हामी भन्छौं कि: यदि कुनै रोगी दिनमा रोगबाट सँचो भयो त अब बाँकी बचेको दिनको भागमा खानपान गर्नुबाट रुक्नु आवश्यक छैन । र यस्तै यदि दिनको कुनै भागमा यात्रु आफ्नो नगरमा फर्केर आयो र त्यो व्रत बसेको अवस्थामा छैन, त त्यसलाई बाँकी

बचेको दिनको भागमा खानपानबाट रुक्नु आवश्यक छैन ।

र यस्तै यदि रजस्वलामा भएकी महिला दिनको समयमा पवित्र भई त त्यसमाथि आफूलाई खानपानबाट रोक्नु अनिवार्य छैन, किनकि यी समस्तले वैधानिक कारणले व्रतलाई त्यागेका छन्, त पूर्ण दिनमा खानपान गर्नु उनीहरूको हक हो र जुन कुरालाई विधानले हलाल गऱ्यो त्यो हराम हुन्सक्दैन, यसर्थ यदि त्यो कारण समाप्त भयो तै पनि उनीमाथि खानपान गर्नु जायज नै रहन्छ ।

प्रश्नः (१४१) आदरणीय शैख ज्यू, तर यस अवस्थामा (उपरोक्तमा वर्णित अवस्थाहरू) र यस अवस्थामा जब दिनको समय कसैलाई यो खबर मिलोस् रमजान आरम्भ भइसकेको छ के अन्तर छ ?

उत्तरः दुवैबीच अन्तर स्पष्ट छ, किनकि जब दिनको समय यो प्रमाण कायम भइहालोस् कि रमजान आरम्भ भइसकेको छ त त्यसमाथि आवश्यक यो छ कि त्यो खानपानलाई त्यागोस्, किनकि दिनको

आरम्भिक भागमा छ, र अनभिज्ञताको कारण व्रत बसेको छैन, किनकि यदि उसलाई यो थाहा हुन्थ्यो कि यो रमजानको पहिलो दिन हो भने त्यसमाथि व्रत बस्नु अनिवार्य हुन्थ्यो । तर जुन मानिसहरूको उपरोक्तमा वर्णन गरियो उनीहरूलाई यो थाहा छ कि रमजानको महिना चलिरहेको छ तर वैधानिक कारणले उनीहरूले व्रत त्यागेका छन्, त दुवैबीच स्पष्ट अन्तर छ र यो अन्तर जाहेर पनि छ ।

## व्रतलाई भंग गर्ने कुराहरू

प्रश्नः (१४२) आदरणीय शैख ज्यू, व्रतलाई भंग गर्ने कुराहरू के के हुन्, र के त्यसका केही शर्तहरू छन् ?

उत्तरः व्रतलाई भंग गर्ने कुराहरू यी हुन्: व्रतको अवस्थामा सहवास गर्नु, खानु पिउनु, वासनाको साथ वीर्य पतन गर्नु, र जुन खानपान अन्तर्गत आउँछ जसरी जानेर वान्ता गर्नु, हिजामत गराउनु (अर्थात घाउ गराएर रगतको निष्कासन गराउनु) र रजस्वला अथवा सुत्केरीको रगत आउनु, त यो आठ कुराहरू छन् जसद्वारा व्रत भंग भइहाल्छ ।

त रह्यो खानु पिउनु र सहवास गर्नुको प्रमाणको कुरो त यसको प्रमाण अल्लाहको यो कथन हो:

﴿ فَٱلْـَٔـٰنَ بَـٰشِرُوهُنَّ وَٱبْتَغُوا۟ مَا كَتَبَ ٱللَّهُ لَكُمْ ۚ وَكُلُوا۟ وَٱشْرَبُوا۟ حَتَّىٰ يَتَبَيَّنَ لَكُمُ ٱلْخَيْطُ ٱلْأَبْيَضُ مِنَ ٱلْخَيْطِ ٱلْأَسْوَدِ مِنَ ٱلْفَجْرِ ۖ ثُمَّ أَتِمُّوا۟ ٱلصِّيَامَ إِلَى ٱلَّيْلِ ۚ ﴾ البقرة: ١٨٧

अर्थ : अब तिमीलाई सहवास गर्ने र अल्लाहले जे निर्धारित गरेको छ त्यस चीजको खोजी गर्ने इजाजत छ । तिमीले तबसम्म खान पीन गर जबसम्म कि प्रात:को सेतो धर्को (रातीको) कालो धर्कोबाट स्पष्ट भई नजाओस् । फेरि ब्रतबसी) साँझसम्म ब्रत पूरा गर । (सूरतुल् बकर: १८७)

र रह्यो कुरो वासनाको साथ वीर्य पतन गर्नुको प्रमाणको त रसूल सल्लल्लाहो अलैहे वसल्लमको वर्णन हदीसे कुदसीमा छ कि:

" يترك طعامه وشرابه وشهوته من أجلي" ( أخرجه البخاري، كتاب الصوم ، باب فضل الصوم ، رقم (1894)، ومسلم ، كتاب الصيام ، باب فضل الصيام ، رقم (1151)

अर्थ : कि मेरो भक्त मेरो प्रसन्नताको लागि आफ्नो खानपान र वासनापूर्तिलाई त्याग्दछ । (बुखारी, किताबुस्सौम, बाबु फजलिस्सौम, हदीस नं. १८९४ । र मुस्लिम, किताबुस्सियाम, बाबु फजलिस्सियाम, हदीस नं. ११५१)

र यस्तै यस सन्दर्भमा नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" وفي بضع أحدكم صدقة" قالوا : يا رسول الله ، أيأتي أحدنا شهوته ويكون له فيها أجر؟ قال : " أرأيتم لو وضعها في حرام ، أكان عليه فيها وزر؟ فكذلك إذا وضعها في حلال كان له أجر" ( أخرجه

مسلم، كتاب الزكاة، باب بيان أن اسم الصدقة يقع على كل نوع من المعروف، رقم (1006).

अर्थ : तिम्रो स्वास्नीसित सम्भोग गर्नुमा पनि दानको पुण्य छ । त सहाबाहरूले भने: हे अल्लाहका रसूल के हामीमध्ये कसैले आफ्नो वासनापूर्ति गर्छ तै पनि त्यसमा त्यसलाई पुण्य मिल्छ ? त उहाँले भन्नु भयो: तिमीहरूको के विचार छ यदि त्यसले वासनापूर्ति हराम तरिकाले गरेमा त्यसलाई पाप मिल्दैनथ्यो ? त यस्तै जब त्यसले जायज माध्यमले त्यसलाई पूर्ण गऱ्यो त त्यसलाई पुण्य अवश्य मिल्ने छ । (मुस्लिम, किताबुज्जकात, बाबु बयाने अन्ना इस्मुस्सदका यकउ अला कुल्ले नौइन् मिनल् मअ्रुफ, हदीस नं. १००६)

र वासनापूर्ति गर्दा वा सम्भोग गर्दा नै वीर्य पतन हुन्छ, यसर्थ मिजी (जुन वासनायुक्त कुरा सोच्दा निस्कन्छ) जुनकि वीर्य होइन, त्यो व्रतलाई भंग गर्दैन, यो नै सही कथन हो ।

पाँचौ कुरो: जुन खानपानसित संलग्न छ: जसरी तागतको इन्जेक्शन लगाउनु जसलाई लिए पश्चात मान्छे खानपानबाट निस्पृह भइहाल्छ, र यो यस कारण किनकि यद्यपि यो खानपानमध्येको होइन तर त्यसमा खानपान नै पाइन्छ, किनकि यसद्वारा खानपानको आवश्यकता पूर्ति हुन्छ, र जुन कुनै कुराको पूरक होस् त्यसको पनि त्यो नै हुकुम छ जुन त्यस मूल वस्तुको हुन्छ । किनकि शरीर जस्ताको त्यस्तै रहन्छ अर्थात कुनै कम्जोरी महसूस हुँदैन ती इन्जेक्शन लिनुको कारण । तर यदि कुनै यस्तो इन्जेक्शन छ जुन तागतको होइन जसद्वारा खानपानबाट नस्पिृहता प्राप्त हुँदैन त यस्तो इन्जेक्शन लगाउनुले व्रत भंग हुँदैन, चाहे त्यसलाई नसामा लगाइयोस् वा शरीरको अन्य कुनै भागमा ।

छठौं सइच्छाले वान्ता गर्नु: अर्थात जुन मान्छेको पेटमा छ त्यसलाई मुखबाट उल्टी गरोस्, किनकि हदीसमा छ हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من استقاء عمداً فليقض، ومن ذرعه القيء فلا قضاء عليه" ( أخرجه أحمد (498/2)، والترمذي ، كتاب الصوم ، باب ما جاء فيمن استقاء عمداً ، رقم (720)، وابن ماجه، كتاب الصيام ، باب ما جاء في الصائم يقيء رقم (1676).

अर्थ : जसले सइच्छाले वान्ता गऱ्यो त्यो त्यस व्रतको कजा गरोस्, र जसलाई त्यस्तै वान्ता आओस् त त्यसमाथि कुनै कजा छैन । (यसलाई अहमदले (२/४९८) मा वर्णन गरेका छन् । र तिर्मिजी, किताबुस्सौम, बाबु मा जाअ् फिमन् इस्तकाअ् अमदन्, हदीस नं. ७२० । र इब्ने माजा, किताबुस्सियाम, बाबु मा जाअ् फिस्साइमि यकीओ, हदीस नं. १६७६)

र यो यस कारण किनकि जब त्यो वान्ता गर्छ त त्यसको पेट रिक्त भइहाल्छ, र शरीर यसको विकल्प चाहन्छ जसद्वारा त्यसको शक्तिको पूर्ति होस्, त यसै कारण हामी भन्छौं कि जब मान्छे अनिवार्य व्रत

बसेको होस् त वान्ता नगरोस् किनकि जब त्यो वान्ता गर्छ त आफ्नो शरीरलाई नै हानि पुऱ्याउँछ र त्यसको व्रत पनि भंग भइहाल्छ ।

सातौं कुरा: हिजामतद्वारा निष्कासित गरिएको रगत । किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

" أفطر الحاجم والمحجوم" أخرجه أبو داود ، كتاب الصوم، باب في الصائم يحتجم ، رقم (2367)، والترمذي ، كتاب الصوم ، باب كراهية الحجامة للصائم ، رقم (774)، وابن ماجه، كتاب الصيام ، باب ما جاء في الحجامة للصائم ، رقم (1679).

अर्थ : जसले हिजामत गऱ्यो र जसले गरायो दुवैको व्रत भंग भयो । (अबू दाऊद, किताबुस्सौम, बाबु फिस्साइमि यहतजिम, हदीस नं. २३६७। र तिर्मिजी, किताबुस्सौम, बाबु कराहियतिल् हिजामति लिस्साइम, हदीस नं. ७७४ । र इब्ने माजा,

किताबुस्सियाम, बाबु मा जाअ् फिल् हजामति लिस्साइम, हदीस नं. १५७९)

र रह्यो रजस्वला र सुत्केरीको अवस्थामा भएकी महिलाहरूको कुरो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम कि:

" أليس إذا حاضت لم تصل ولم تصم "[1] أخرجه البخاري ، كتاب الصوم ، باب الحائض تترك الصوم والصلاة ، رقم (1951).

अर्थ : के महिलाको अवस्था यस्तो छैन कि त्यो रजस्वलाको अवस्थामा व्रत र नमाजको आयोजना गर्दैन । (बुखारी, किताबुस्सौम, बाबुल् हाइजि तत्रुकुस्सौम वस्सलात, हदीस नं. १९५१)

र विद्हरूको यस कुरामा एकमत छ कि रजस्वलामा भएकी महिला र सुत्केरीमा भएकी महिलाको नत नमाज सही हुन्छ नत व्रत ।

तर यी व्रतलाई भंग गर्ने कुराहरू तबसम्म व्रतलाई भंग गर्दैनन् जबसम्म त्यसको साथै तीन शर्तहरू

नपाइउन्ः त्यसको ज्ञान हुनु । त्यसको स्मरण पनि हुनु । र त्यसको इच्छा पनि गर्नु ।

त मानिसमाथि यो शर्त छ कि त्यो त्यसको वैधानिक हुकुमको ज्ञानी होस्, अर्थात व्रतको वैधानिकताको ज्ञान होस्, र त्यसको निर्धारित समयको बारेमा पनि ज्ञानी होस्, तर यदि त्यसको वैधानिक हुकुम वा समयबारे त्यो ज्ञानी नहोस् त त्यसको व्रत भंग हुँदैन, किनकि अल्लाहको फर्मान छः

﴿ رَبَّنَا لَا تُؤَاخِذْنَآ إِن نَّسِينَآ أَوْ أَخْطَأْنَا ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रो प्रतिपालक ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु । ( सूरतुल् बकरः २८६)

﴿ وَلَيۡسَ عَلَيۡكُمۡ جُنَاحٞ فِيمَآ أَخۡطَأۡتُم بِهِۦ وَلَٰكِن مَّا تَعَمَّدَتۡ قُلُوبُكُمۡۚ وَكَانَ ٱللَّهُ غَفُورٗا رَّحِيمًا ٥ ﴾

الأحزاب: ٥

अर्थ : यस प्रसंगमा तिमीबाट कुनै भूल वा गल्ती भएको हुन्छ भने, त्यसमा तिमीमाथि कुनै पाप छैन, किन्तु जसको संकल्प तिम्रा हृदयले गरिहाल्यो, त्यसको पाप लाग्दछ । र अल्लाह अत्यन्त क्षमाशील, दयावान छ । (सूरतुल् अहजाब ५)

त अल्लाहले भन्यो: मैले यस्तै गरें ।[□]

र हदीसहरूमा पनि यसको उदाहरण वर्णित छ

हजरत अदी बिन हातिमको वर्णन छ कि:[◊] उहाँले व्रत बस्नुको लागि रात्रीमा आफ्नो सिरानीमुनि दुई रस्री राखे जस रस्रीद्वारा ऊँटलाई बाँधिन्छ जसमध्ये

□ मुस्लिम, किताबुल् ईमान, बाबु वइन् तुबदू मा फि अन्फुसिकुम् अव तुख्फूहु, हदीस नं. १२६ ।

◊ बुखारी, किताबुस्सौम, बाबु कौलिही तआला: “वकुलू वशरबू हत्ता यतबैयनु लकुमल् खैतुल अब्यजु मिनल् खैतिल अस्वदि मिनल् फज्र”, हदीस नं. १९१६ । र मुस्लिम, किताबुस्सियाम, बाबु बयानि अन्नद्दुखूल फिस्सौम यहसुलु बितुलूइल् फज्र, हदीस नं. १०९० ।

एउटा कालो र अर्को सेतो थियो, र रात्रीमा तबसम्म खानपान गरे जबसम्म कालो रस्री सेतोबाट स्पष्ट नभइहाल्यो अनि मात्र खानपान स्थगित गरे, अनि जब बिहान भयो त नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा आएर यसको खबर गरे, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो स्पष्ट गरे कि श्लोकमा वर्णित कालो र सेतो धर्कोको अर्थ यो होइन, बरु यसको अर्थ हो: सेतो धर्कोको अर्थ दिनको प्रकाश र कालो धर्कोको अर्थ रात्रीको अँध्यारो हो। तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस व्रतको कजा गर्ने आदेश गरेनन्, किनकि उनी यस अर्थबाट अनभिज्ञ थिए, किनकि उनको दृष्टिले यो नै कुरआनको त्यस श्लोकको अर्थ थियो।

र यसको बारेमा अनभिज्ञताको उदाहरण हजरत अस्मा बिन्ते अबि बक्रले वर्णन गरेको हदीस पनि हो जसलाई बुखारीले वर्णन गरेका छन् कि◊ उहाँको भनाई छ कि: हामीले नबी सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा बादल भएको दिनमा

◊ बुखारी, किताबुस्सौम, बाबु इजा अफ्तरा फि रमजाना सुम्मा तलअतिश्शमस, हदीस नं. १९५९।

इफ्तारी गर्‍यौं, अनि त्यस पश्चात सूर्य टल्कन थाल्यो, तर नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस दिनको कजा गर्ने आदेश गरेनन् । र यदि यस्तो अवस्थामा कजा अनिवार्य हुन्थ्यो भने उहाँ सल्लल्लाहो अलैहे वसल्लम उनीहरूलाई कजा गर्ने आदेश गर्थे, र यदि उहाँले आदेश गरेको भए त्यसलाई उहाँका अनुयायीहरू समक्ष वर्णन गरिन्थ्यो, किनकि अल्लाहको फर्मान छः

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ٩ ﴾ الحجر: ٩

अर्थ : (निःसन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामीनै यसको संरक्षक हौं । (सूरतुल् हिज्र ९)

त जब यस्तो कुनै कुरा वर्णन गरिएन जसको त्यहाँ सम्भावना पनि थियो र स्रोत पनि, त यसले यो स्पष्ट हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसको कजाको आदेश गरेका थिएनन् । यसर्थ यदि कुनै मान्छे यो गुमान गर्छ कि अहिले रात्री बाँकी छ, अनि त्यो खानपान गर्छ अनि त्यसको लागि यो

स्पष्ट हुन्छ कि त्यसले फज्र उदय भए पश्चात खानपान गरेको छ, त त्यसमाथि यस व्रतको कजा गर्नु छैन, किनकि त्यसले अनभिज्ञताको कारण यस्तो गरेको छ ।

र रहयो दोस्रो शर्तः त त्यो हो कि मान्छेलाई त्यसको सम्भ्कना नहोस् अर्थात त्यसलाई बिर्सेको नहोस्, यसर्थ यदि कुनै मान्छे बिर्सेर खानपान गरिहाल्यो त त्यसको व्रत सही छ, र त्यसमाथि कुनै कजा छैन, किनकि अल्लाहको फर्मान छः

﴿ رَبَّنَا لَا تُؤَاخِذۡنَآ إِن نَّسِينَآ أَوۡ أَخۡطَأۡنَاۚ ﴾ البقرة: ٢٨٦

अर्थ : हे हाम्रो प्रतिपालक ! यदि हामीबाट कुनै भूल वा त्रुटि भएको भए हामीलाई दोषी न ठहराउनु । (सूरतुल् बकरः २८६)

त अल्लाहले भन्योः मैले यस्तै गरें ।[1]

---

[1] मुस्लिम, किताबुल् ईमान, बाबु वइन् तुबदू मा फि अन्फुसिकुम् अव तुख्फूहु, हदीस नं. १२६ ।

र हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من نسي وهو صائم فأكل أو شرب فليتم صومه، فإنما أطعمه الله وسقاه" ( أخرجه البخاري ، كتاب الصوم ، باب الصائم إذا كان أكل أو شرب ناسياً ، رقم (1933)، ومسلم كتاب الصيام ، باب أكل الناسي وشربه وجماعه لا يفطر، رقم (1155).

अर्थ : जसले यो बिर्सयो कि त्यो व्रत बसेको छ अनि त्यसले खायो वा पियो, त त्यो आफ्नो व्रतलाई पूर्ण गरोस् किनकि त्यसलाई अल्लाहले खुवाएको छ र पिलाएको छ। (बुखारी, किताबुस्सौम, बाबुस्साइमि इजा काना अकला अव शरिबा नासियन्, हदीस नं. १९३३ । र मुस्लिम, किताबुस्सियाम, बाबु अकलुन्नासी वशुरबहू वजमाअहू ला युफतर, हदीस नं. ११५५)

र रह्यो तेस्रो शर्त: त त्यो हो कि मान्छे आफ्नो सद्इच्छाले गरोस्, तर यदि त्यसले बाध्यताले गरेको

छ भने त्यसको व्रत सही र शुद्ध हुन्छ, चाहे त्यो बाध्यता कुनै मानिसद्वारा गरिएको होस् वा कुनै अरु तरिकाले, किनकि नास्तिकतामाथि बाध्य गरिएको मान्छेको बारेमा अल्लाहको फर्मान छः

﴿ مَن كَفَرَ بِٱللَّهِ مِنۢ بَعۡدِ إِيمَٰنِهِۦٓ إِلَّا مَنۡ أُكۡرِهَ وَقَلۡبُهُۥ مُطۡمَئِنُّۢ بِٱلۡإِيمَٰنِ وَلَٰكِن مَّن شَرَحَ بِٱلۡكُفۡرِ صَدۡرٗا فَعَلَيۡهِمۡ غَضَبٞ مِّنَ ٱللَّهِ وَلَهُمۡ عَذَابٌ عَظِيمٞ ١٠٦

﴾ النحل: ١٠٦

अर्थ : जुन मानिसले ईमान ल्याएपछि अल्लाहसँग कुफ्र गर्दछ, मात्र त्यो बाहेक जसलाई बाध्य गरिन्छ, र उसको हृदय ईमानकासाथ दृढ हुन्छ, परन्तु त्यो जसले हृदय खोलेर कुफ्र गर्दछ, त यस्तामाथि अल्लाहको क्रोध छ, र तिनीहरूलाई अत्यन्त कडा सजाय हुनेछ । (सूरतुन्नहल १०६)

त यदि कुफ्रको हुकुम पनि बाध्यतामा मान्य छैन भने त्यसभन्दा तल्लो दर्जाका कार्यहरूमा अरु

सरलताको साथ बाध्यतामा गरिएकोमा लागू हुँदैन । र हदीसमा छ नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" أن الله رفع عن أمتي الخطأ والنسيان وما استكرهوا عليه" ( أخرجه بن ماجه، كتاب الطلاق، باب طلاق المكره والناسي ، رقم (2043)، والبيهقي في " السنن" (84/6)، والدار قطني في "السنن" (170/4).

अर्थ : मेरो उम्मती (अनुयायीहरू) बाट माफ गरिएको छ ती कार्यहरू जुन गल्तीले वा बिर्सेर गरेका होउन् वा बाध्यताले गरेका होउन् । (इब्ने माजा, किताबुत्तलाक, बाबु तलाकिल् मुक्रिहि वन्नासी, हदीस नं. २०४३ । र बैहकी फिस्सुनन् (६/८४) । र दार कुत्नी फिस्सुनन् (४/१७०) )

यसर्थ यदि कुनै व्रतालुको नाकमा धुलो उडेर पसोस् र त्यो त्यसको स्वादलाई पनि महसूस गरोस्, र त्यो त्यसको पेटमा पनि पुगोस् तै पनि त्यसको व्रत भंग हुँदैन, किनकि त्यसले यो आफ्नो सद्इच्छाले गरेको

छैन । र यस्तै यदि त्यसलाई खानुमाथि बाध्य गरियो अनि त्यसले बाधित भएर खायो भने त्यसको व्रत सही छ, किनकि त्यो मान्छे सइच्छाले गरेको होइन । र यस्तै यदि मान्छे सुतेको छ अनि त्यसलाई स्वपनदोष भयो भने त्यसको व्रत भंग हुँदैन, किनकि सुतेको मान्छे इच्छाले कुनै कुरा गर्न सक्दैन । र यस्तै कुनै मान्छेले आफ्नो स्वास्नीलाई सहवास गर्नुमा बाध्य गर्‍यो भने त्यसको स्वास्नीको व्रत भंग हुँदैन, किनकि त्यसको इच्छाले यो कार्य गरिएको होइन । र यहाँ एउटा महत्वपूर्ण विषयतिर ध्यानाकर्षण गराउनु अति आवश्यक छ, र त्यो यो हो कि जब कुनै मान्छे रमजान महिनाको अनिवार्य व्रत बसेको होस् र त्यसै अवस्थामा सहवास गरिहाल्यो त यस सहवासले गर्दा त्यसमाथि तीन कुरा अनिवार्य हुन्छः

पहिलोः त्यसलाई पाप लाग्छ ।

दोस्रोः त्यसमाथि त्यस व्रतको कजा गर्नु अनिवार्य भइहाल्छ ।

तेस्रोः त्यसको कफ्फारह (क्षतिपूर्ति) दिनु पर्छ ।

र त्यसमाथि यो पनि अनिवार्य छ कि त्यो त्यस दिनको बाँकी भागमा पनि खानपान नगरोस्, र यस कुराबाट केही फर्क पर्दैन कि यो सहवास गरे पश्चात के कस्तो हुकुम लागू हुन्छ यसबारे ज्ञानी होस् वा नहोस् । अर्थात यदि मान्छेले रमजानको व्रत बसेको अवस्थामा सहवास गरिहाल्यो तर त्यसलाई यो थाहा थिएन कि यस्तो गर्नाले त्यसमाथि कफ्फारह अनिवार्य हुन्छ तै पनि त्यसमाथि कफ्फारह त अनिवार्य नै हुन्छ, किनकि त्यसले यस्तो कुरालाई सइच्छाले गऱ्यो जुन व्रतलाई भंग गरिदिन्छ, त यस अन्तर्गत लाग्ने हुकुम त्यसमाथि लागू हुन्छ । बरु हदीसमा वर्णित छ हजरत अबू हुरैरह वर्णन गर्नुहुन्छ कि:  एउटा मान्छे नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा आएर भन्यो: हे अल्लाहका रसूल मत बर्बाद भएँ । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कुन कुराले तिमीलाई विनष्ट गऱ्यो ? त त्यसले भन्यो: मैले रमजानको व्रत बसेको अवस्थामा

---

 बुखारी, किताबुस्सौम, बाबु इजा जामआ फि रमजाना वलम यकुन् लहू शैइन्.., हदीस नं. १९३६ । र मुस्लिम, किताबुस्सियाम बाबु तगलीजि तहरीमिल् जेमाअे फि नहारे रमजाना अलस्साइमि, हदीस नं. ११११ ।

आफ्नो स्वास्नीसित सम्भोग गरें । त नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई त्यसको कफ्फारह दिने आदेश गरे । जबकि त्यसलाई कफ्फारहबारे ज्ञान थिएन ।

र हाम्रो भनाई अनिवार्य व्रतको अर्थ हो त्यसमाथि त्यो व्रत पूर्णरूपले अनिवार्य होस् । त यसबाट त्यस मान्छेलाई अलग गरिन्छ जसमाथि व्रत अनिवार्य हुँदैन अर्थात त्यसलाई स्वतन्त्रता हुन्छ चाहोस् त व्रत बसोस् र यदि चाहोस् त व्रत नबसोस् जसरी कुनै मान्छे आफ्नो स्वास्नीको साथ यात्रामा छ, र दुवै व्रत बसेका छन्, अनि त्यसले आफ्नो स्वास्नीसित सम्भोग गर्‍यो, त त्यसमाथि कफ्फारह छैन, किनकि यात्रुलाई यो स्वतन्त्रता प्राप्त छ कि जब त्यो व्रत बसेको होस् त कुनै समय पनि त्यो व्रतलाई भंग गर्न सक्दछ । त यदि त्यो चाहोस् त व्रत भंग गरेर त्यसको कजा गरोस्, र यदि चाहोस् त व्रतलाई पूर्ण गरोस्, तर पूर्ण गर्नु अनिवार्य छैन ।

## बच्चाको व्रत

प्रश्नः (१४३) आदरणीय शैख ज्यू, त्यस बालकको व्रतको के हुकुम छ जुन व्यस्क भएको छैन ?

उत्तरः बालकमाथि व्रत बस्नु अनिवार्य छैन, बरु त्यसको सरप्रस्त त्यसलाई बानी बसाल्ने उद्देश्यले व्रत बस्ने कुरामा प्रोत्साहित गरोस्, र व्रत बस्नु त्यसको लागि सुन्नत हो । र यदि यसलाई बालक बस्दैन भने कुनै पाप लाग्दैन ।

## पागलको व्रत

प्रश्नः (१४४) आदरणीय शैख ज्यू, त्यस मान्छेको व्रतको के हुकुम छ जुन कुनै समय पागल भइहाल्छ र कुनै समय सही भइहाल्छ ?

उत्तरः यसको हुकुम करणको साथै संलग्न छ, त जहिले पनि त्यो बुद्धिमान हुन्छ अर्थात त्यसको मानसिक अवस्था शुद्ध हुन्छ त्यसमाथि व्रत अनिवार्य हुन्छ, र जुन समय त्यसको मानसिक अवस्था ठीक हुँदैन त्यसमाथि व्रत अनिवार्य हुँदैन । त यदि यो मानियोस् कि एक दिन त्यसको मानसिक अवस्था ठीक रहन्छ र अर्को दिन ठीक रहँदैन, त जुन दिन

त्यसको मानसिक अवस्था ठीक रहन्छ त्यस दिन व्रत बस्नु त्यसको लागि आवश्यक हुन्छ, र जस दिन त्यसको मानसिक सन्तुलन बिग्रन्छ त्यस दिन त्यसमाथि व्रत बस्नु अनिवार्य हुँदैन ।

प्रश्नः (१४५) आदरणीय शैख ज्यू, तर यदि कुनै मान्छे स्वस्थ थियो अनि दिनमा त्यसको दिमागी संतुलन बिग्रयो त यसको के हुकुम छ ?

उत्तरः जब कुनै मान्छेको दिमागी सन्तुलन दिनमा बिग्रोस् त त्यसको व्रत भंग भयो, किनकि त्यो ती मानिसहरूमध्येको भइहाल्यो जिनमाथि पूजा अनिवार्य छैन । तर यदि दिनको कुनै समयमा त्यसलाई पागलपना लागेको छ भने दिनको अन्य भागमा खानपानबाट रुक्नु आवश्यक छैन बरु त्यस पश्चात त्यो खानपान गर्छ तर यस दिनको कजा गर्नुपर्छ, किनकि दिनको पहिलो भागमा त्यो ठीक थियो र त्यसमाथि व्रत अनिवार्य थियो । र यस्तै हुकुम त्यस मन्छेको पनि छ जुन दिनमा ओलफोल कुरा बोल्न थाल्दछ ।

## संदिग्द दिनको व्रत

**प्रश्नः (१४६) आदरणीय शैख ज्यू, सन्देहजनक दिनमा व्रत बस्नुको के हुकुम छ यस भयले कि कदाचित त्यो दिन रमजानमध्येको नहोस् ?**

उत्तरः संदिग्द दिनमा व्रत बस्नुबारे सही कुरो यो हो कि त्यस दिन व्रत बस्नु हराम छ, किनकि अम्मार बिन यासिरको भनाई छ कि:“ जसले शंकास्पद दिनमा व्रत बस्यो त्यसले अबूल कासिम (मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम) को अवज्ञा गऱ्यो ।” र यस कारण पनि किनकि शंका भएको दिनको व्रत बसेर मान्छे अल्लाहले निर्धारित गरेको सीमाको उल्लंघन गर्छ, किनकि यस विषयमा अल्लाहको यो निर्धारित सीमा हो कि चन्द्र हेरेर व्रत बसियोस् र चन्द्र हेरेर नै व्रतलाई समाप्त गरियोस्, वा शअ्बानलाई तीस दिन पूर्ण गरियोस् । र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन्:

" لا يتقدمن أحدكم رمضان بصوم يوم أو يومين إلا أن يكون رجلاً كان يصوم صوماً فليصمه" (

أخرجه البخاري ، كتاب الصوم ، باب لا يتقدم رمضان

بصوم يوم ولا يومين، رقم (1914)، ومسلم، كتاب الصيام، باب لا تقدموا رمضان بصوم يوم ولا يومين، رقم (1082).

अर्थ : कुनै पनि मान्छे रमजानभन्दा एक वा दुई दिन अघि व्रत नबसोस् त्यस मान्छे बाहेक जुन सदैंव (प्रत्येक महिनामा) व्रत बस्दै गर्छ त त्यो यो व्रत बस्न सक्दछ। (बुखारी, किताबुस्सौम, बाबु ला यतकद्दम रमजाना बेसौमे यौमिन वला यौमैन, हदीस नं. १९१४। र मुस्लिम, किताबुस्सियाम, बाबु ला तुकद्देमू रमजाना बेसौमे यौमिन् वला यौमैन, हदीस नं. १०८२)

फेरि यदि मान्छे मुस्लिम राज्य मातहत छ भने त्यसको अनुशरण गरोस्, त यदि हाकिम निकट यो प्रमाणित भइसक्यो कि रमजान महिना आरम्भ भयो त मुसलमानहरूको साथमा व्रत बसोस् र यदि प्रमाणित भएन भने त्यो पनि व्रत नबसोस्। र यसको विस्तृत वर्णन अघि नै गरिसकेका छौं यस सन्दर्भमा कि जब मान्छे एकलै चन्द्र हेरोस् त के गरोस्।

# मान्छे कुनै देशमा रहेको अवस्थामा व्रत बस्यो अनि अर्को देशमा गयो यस कुराको वर्णन

प्रश्नः (१४७) आदरणीय शैख ज्यू, त्यस व्यक्तिको लागि के हुकुम छ जसले कुनै मुस्लिम राष्ट्रमा व्रत बस्यो, अनि अर्को राष्ट्रमा गयो जहाँका मानिसहरूले विलम्बले चन्द्र हेरेका छन् त त्यसलाई तीस दिनभन्दा अधिक व्रत बस्नु पर्छ वा अवस्था यसको विपरीत होस् त तीस दिनभन्दा कम व्रत बस्नु पर्छ त यस्तो अवस्थामा त्यसको लागि के हुकुम छ ?

उत्तरः जब कुनै मान्छे कुनै मुस्लिम राष्ट्रबाट कुनै अर्को मुस्लिम राष्ट्रमा गयो र त्यहाँ इफ्तारीको समयमा विलम्ब छ भने त्यो पनि प्रतिक्षा गरोस् र उनीहरूको साथमा नै इफ्तारी गरोस्, किनकि व्रत त्यसै दिनको बसिन्छ जस दिन समस्त मानिसहरू व्रत बस्दछन्, यस्तै ईद त्यसै दिन मनाइन्छ जस दिन सबै ईद मनाउँछन् र कुर्बानी त्यसै दिन मनाइन्छ जस दिन सबै कुर्बानी गर्छन्। यसर्थ यदि त्यो कुनै यस्तो राष्ट्रतिर यात्रा गरेर गयो जता

इफ्तारीको समय अलि विलम्बले आउँछ अर्थात सूर्य विलम्बले अस्त हुन्छ त मान्छेलाई दुई तीन घन्टा अधिक व्रत बस्नु पर्छ त त्यसलाई दुई वा तीन घण्टा पश्चात सबैको साथ इफ्तारी गर्नु पर्छ। र यस्तै महिनाको कम र वृद्धिको बारेमा पनि, अर्थात यदि यस्तो राष्ट्रमा पुगेको छ जहाँ रमजान पहिला नै आरम्भ भइसकेको थियो, त यदि त्यसको तीस दिनभन्दा कम हुन्छ भने त्यो बाँकी दिनको कजा गर्छ। र यदि यस्तो राष्ट्रतिर यात्रा गरेको छ जता विलम्बले चन्द्र हेरिएको छ त त्यसको व्रत एक वा दुई दिन बढी भइहाल्छ अर्थात तीस दिनभन्दा बढी भइहाल्छ त त्यसलाई बढी दिनको पनि व्रत बस्नु पर्छ र जस दिन उनीहरू ईद मनाउँछन् त्यसै दिन त्यसलाई पनि ईद मनाउनु पर्छ।

प्रश्न: (१४८) आदरणीय शैख ज्यू, तर कदाचित कोही यो भन्नसक्छ कि किन त्यसलाई एउटा अवस्थामा तीस दिनभन्दा बढी व्रत बस्नुको आदेश गरिन्छ, र अर्को अवस्थामा कजा गर्ने आदेश गरिन्छ ?

उत्तर: कम भएको अवस्थामा कजा गर्ने आदेश गरिन्छ, किनकि महिना २९ दिनभन्दा कम हुनु असम्भव छ, तर ३१ दिन हुनुको तर्क छ किनकि जब चन्द्र हेरिएन त एक दिन बढी भयो, र यसै कारण हामीले भन्यौं कि पहिलो अवस्थामा व्रत त्यागेर इफ्तार गर किनकि चन्द्र हेरियो, र जब चन्द्र हेरियो त शौवाल महिना आरम्भ भयो । र दोस्रो अवस्थामा जसमा मानिसहरूले ईदको चन्द्र हेरेका छैनन् रमजानको चन्द्र विलम्बले हेरेको कारण, त तिमी रमजान महिनामा नै छौ यसर्थ सबैको साथमा व्रत बस्नु अनिवार्य छ, र जुन दिन बढी भयो त्यसको उदाहरण दिनका केही घण्टा बढी भए सरह छ, यसर्थ यस कुराबाट केही फर्क पर्दैन ।

## व्रतका शिष्टाचारहरू

प्रश्न: (१४९) आदरणीय शैख ज्यू, व्रतमा गरिने शिष्टाचारहरू के के हुन् ?

उत्तर: व्रतका शिष्टाचारहरूमध्ये यो हो कि मान्छे महान अल्लाहसित भय मानोस् त्यसले आदेश

गरेका कुराहरूलाई गरेर, र त्यसले रोकेका कुराहरूबाट रुकेर, जस्तोकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾

البقرة: ١٨٣

अर्थ : आस्थावानहरू हो ! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । (सूरतुल् बकरः १८३)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको कारण किः

"من لم يدع قول الزور والعمل به والجهل ، فليس لله حاجة في أن يدع طعامه وشرابه" ) أخرجه

البخاري، كتاب الصوم، باب من لم يدع قول الزور والعمل به في الصوم، رقم (1903).

अर्थ : जुन मान्छे अनभिज्ञतापूर्ण कार्यहरू र झूठ बोल्नुलाई नत्यागोस् त यस्तो मान्छेको खानपान त्यागनुको अल्लाहलाई कुनै आवश्यकता छैन । ( बुखारी, किताबुस्सौम, बाबु मन् लम् यदउ कौलज्जूरि वल्अमलु बिही फिस्सौम, हदीस नं.१९०३)

र व्रतका शिष्टाचारहरूमध्ये यो पनि हो कि मान्छे अत्याधिक दान र परोपकार गरोस्, र रमजानमा त अरु अधिक दान र परोपकार गरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम सबैभन्दा अधिक उदारवादी थिए तर जब रमजानको महिनामा उहाँलाई हजरत जिब्रील कुरआन पढाउँथे त अरु उदारता देखाउँथे । ∇

∇ बुखारी, किताबुस्सौम, बाबु अजवदू मा कानन्नबीयु सल्लल्लाहो अलैहे वसल्लम यकूनो फि रमजान, हदीस नं. १९०२ । र मुस्लिम, किताबुल् फजाइल, बाबु कानन्नबीयु सल्लल्लाहो अलैहे वसल्लम अजवदन्नासी बिल् खैर, हदीस नं. २३०८ ।

र व्रतका शिष्टाचारहरूमध्ये यो पनि हो कि मान्छे ती समस्त कुकर्मबाट बचोस् जसबाट अल्लाहले रोकेको छ जसरी गाली गालोज, झूठ, विश्वासघात, धोका, हरामतिर हेर्नुबाट, हरामलाई सुन्नुबाट ... आदिबाट, जसबाट पंछिनु आवश्यक छ, तर व्रतको अवस्थामा ती समस्तबाट बाँच्नु अति आवश्यक छ।

र यसका शिष्टाचारहरूमध्ये यो पनि हो कि सहरी खाओस् र सहरीलाई विलम्बले खाओस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

" تسحروا فإن في السحور بركة" ( أخرجه البخاري ، كتاب الصوم ، باب بركة السحور من غير إيجاب ، رقم (1923)، ومسلم ، كتاب الصيام، باب فضل السحور، رقم (1096).

अर्थ : सहरी गर्दैगर किनकि सहरी गर्नुमा कल्याण छ। (बुखारी, किताबुस्सौम, बाबु बरकतिस्सहूरे मिन गैरे ईजाब, हदीस नं. १९२३ । र मुस्लिम,

किताबुस्सियाम, बाबु फजलिस्सहूर, हदीस नं. १०९६)

र यसका शिष्टाचारहरूमध्ये यो पनि हो कि मान्छे रोतब खजूरद्वारा इफ्तारी गरोस्, र यदि रोतब खजूर उपलब्ध नहोस् त कुनै खजूरद्वारा इफ्तारी गरोस्, र यदि कुनै खजूर उपलब्ध छैन त पानीद्वारा इफ्तारी गरोस् । र इफ्तारी गर्नुमा जल्दी गरोस्, यसर्थ जब त्यसलाई यो विश्वास भइहालोस् कि सूर्य अस्त भइहाल्यो त तुरुन्तै इफ्तारी गरिहालोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" لا يزال الناس بخير ما عجلوا الفطر (أخرجه البخاري، كتاب الصوم، باب تعجيل الفطر، رقم (1957)، ومسلم، كتاب الصيام، باب فضل السحور وتعجيل الفطر، رقم (1098).

अर्थ : मानिसहरू तबसम्म भलाईमा रहन्छन् जबसम्म इफ्तारी गर्नुमा जल्दी गर्छन् । (बुखारी,

किताबुस्सौम, बाबु तअ्जीलिल् फित्र, हदीस नं. १९५९ । र मुस्लिम, किताबुस्सियाम, बाबु फजलिस्सहूर वतअ्जीलुल् फित्र, हदीस नं. १०९८)

# त्यस मान्छेको खानपानको हुकुम जसलाई फज्र उदयमा सन्देह छ

प्रश्नः (१५०) आदरणीय शैख ज्यू, त्यस मान्छेको खानपानको हुकुम के छ जसलाई फज्र उदयमा सन्देह छ ?

उत्तरः मान्छेको लागि खानपान गर्नु तबसम्म जायज छ जबसम्म फज्र उदय स्पष्ट नभइहालोस्, किनकि अल्लाहको फर्मान छः

﴿ فَٱلْـَٔـٰنَ بَـٰشِرُوهُنَّ وَٱبْتَغُوا۟ مَا كَتَبَ ٱللَّهُ لَكُمْ ۚ وَكُلُوا۟ وَٱشْرَبُوا۟ حَتَّىٰ يَتَبَيَّنَ لَكُمُ ٱلْخَيْطُ ٱلْأَبْيَضُ مِنَ ٱلْخَيْطِ ٱلْأَسْوَدِ مِنَ ٱلْفَجْرِ ۖ ثُمَّ أَتِمُّوا۟ ٱلصِّيَامَ إِلَى ٱلَّيْلِ ۚ ﴾ البقرة: ١٨٧

अर्थ : अब तिमीलाई सहवास गर्ने र अल्लाहले जे निर्धारित गरेको छ त्यस चीजको खोजी गर्ने इजाजत छ । तिमीले तबसम्म खान पीन गर

जबसम्म कि प्रात:को सेतो धर्को (रातीको) कालो धर्कोबाट स्पष्ट भई नजाओस् । फेरि (ब्रतबसी) साँझसम्म रोजा पूरा गर । (सूरतुल् बकर: १८७)

यसर्थ यदि त्यसलाई फज्र उदय हुनुको विश्वास छैन बरु त्यसमा शंका छ भने त्यो खानपान गर्न सक्छ, त्यस मान्छे विरुद्ध जसलाई सुर्य अस्त हुनुमा शंका होस् त त्यो तबसम्म खानपान गर्न सक्दैन जबसम्म त्यसलाई यो विश्वास नभइहालोस् वा अधिक गुमान नभइहालोस् कि सूर्य अस्त भयो ।

## त्यस मान्छेको हुकुम जुन अजान हुँदा पनि खाना खाइरहेको होस्

प्रश्न: (१५१) आदरणीय शैख ज्यू, अधिकांश मानिसहरू फज्रको अजान भइरहेको अवस्थामा खाँदैरहन्छन् यहाँसम्म कि अजान समाप्त भइहालोस्, त अजान हुँदा खानपानको के हुकुम छ ?

उत्तर: यस खानपानको हुकुम अजान दिने मान्छेमाथि आधारित छ, त यदि त्यो तबसम्म अजान दिदैन जबसम्म त्यसलाई यो विश्वास

नभइहालोस् कि फज्र उदय भइसकेको छ त मान्छेमाथि अनिवार्य यो छ कि त्यसले अजान आरम्भ गरे वित्तिकै खानपान त्यागिदेओस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" كلوا واشربوا حتى يؤذن ابن أم مكتوم" ( أخرجه البخاري، كتاب الصوم، باب قول النبي صلى الله عليه وسلم " لا يمنعنكم من سحوركم أذان بلال"، رقم (1918،1919)

अर्थ : तिमीहरू तबसम्म खाऊ पिऊ जबसम्म इब्ने उम्मे मकतूम अजान नदेउन् । (बुखारी, किताबुस्सौम, बाबु कौलिन्नबी सल्लल्लाहो अलैहे वसल्लमः ला यमनअन्नकुम मिन् सुहूरिकुम अजानु बिलाल, हदीस नं. १९१८, १९१९)

र यदि मुवज्जिन (अजान दिने मान्छे) लाई फज्र उदयको यकिन छैन, तै पनि अजान भए वित्तिकै खानपानलाई त्याग्नु नै उचित छ, तर अजान समाप्त नहुन्जेल त्यो खानपान गर्न सक्छ, किनकि फज्र उदयको विश्वास छैन । र यस कारण पनि किनकि विधि अनुसार वास्तवमा अहिलेसम्म रात्री नै

छ, तर सावधानी अपनाउनु नै उचित छ, यसर्थ अजान भए पश्चात नखानु नै उचित छ ।

## पानीमा डुबुल्की लगाउनु वा पौडी लगाउनु

प्रश्न: (१५२) आदरणीय शैख ज्यू, व्रतालुले पानीमा डुबुल्की लगाउनु वा पौडी लगाउनुको के हुकुम छ ?

उत्तर: व्रतालुले पानीमा पौडी खेल्नु वा डुबुल्की लगाउनुले कुनै फर्क पर्दैन, किनकि यो व्रतलाई भंग गर्ने कुराहरूमध्येको होइन । र वास्तवमा यो कुरो हलाल नै रहन्छ जबसम्म यसको वर्जित हुनु वा अप्रिय हुनुमा कुनै प्रमाण नमिलोस्, तर यस विषयमा नत हराम हुनुको कुनै प्रमाण छ नत अप्रियहुनुको । तर केही विद्हरूले यसलाई यस कारण अप्रिय ठानेका छन् कि कदाचित त्यसको अनभिज्ञताको अवस्थामा त्यसको घाँटीमा पानी नपसिहालोस् ।

# व्रतालुको लागि आँखाको ड्राप र मलहमको प्रयोग

प्रश्नः (१५३) आदरणीय शैख ज्यू, व्रतालुको लागि आँखाको ड्राप र मलहमको प्रयोगको के हुकुम छ र ?

उत्तरः व्रतालुको लागि कुनै आपत्ति छैन कि त्यो सुर्मा लगाओस् वा आइड्राप प्रयोग गरोस् वा आफ्नो कानमा ड्राप हालोस्, यद्यपि त्यो त्यसको स्वाद आफ्नो घाँटीमा महसूस गर्छ, र यसबाट त्यसको व्रत भंग हुँदैन, किनकि यो खानु र पिउनु होइन, नत यो खानपानमध्येबाट नै हो, नत त्यसको हुकुममा नै आउँछ । र यसको प्रमाण यो हो कि व्रतालुलाई खानपानबाट मनाही गरिएको छ, त यसलाई खानपानबाट संलग्न गरिदैन किनकि यो त्यसमध्येको होइन ।

र जुन हामीले वर्णन गरें त्यो नै शैखुल् इस्लाम इब्ने तैमियाको पनि भनाई हो । र यो नै सत्य कुरो हो ।

# अजान हुने समय वा अजान पश्चात ब्रशको प्रयोग

प्रश्न: (१५४) आदरणीय शैख ज्यू, फज्रको अजान हुँदैरहेमा वा अजान पश्चात ब्रश र मन्जन गर्नुको के हुकुम छ ?

उत्तर: अजान हुँदामा खानपान गर्नुबारे पहिला नै वर्णन भयो कि यस्तो गर्नु जायज छ, त ब्रश मंजन गर्नु तयसभन्दा ठूलो कुरो होइन । र रह्यो अजान पश्चातको कुरो त सही कुरो यो हो कि यसरी भनियोस् कि फज्र उदय भए पश्चात तुरुन्तै ब्रश गर्नु वा दिनको कुनै भागमा, त यस कुराले व्रतमा कुनै फर्क पर्दैन कि मान्छे ब्रश मंजन गरोस् । तर उचित यो नै छ कि व्रतको अवस्थामा मंजन नगरियोस्, किनकि त्यो घाँटीबाट पेटसम्म पुगिहाल्छ, र मान्छेलाई थाहा पनि हुँदैन । र मंजन गर्नुको कुनै ठूलो आवश्यकता पनि हुँदैन, यसर्थ मान्छे मंजन गर्नुबाट इफ्तारीसम्म रुकिरहोस्, र मंजन रात्रीमा गरोस् । तर वास्तवमा यस्तो गर्नु

अर्थात दिनमा पनि मंजन गर्नु जायज छ यसमा कुनै आपत्ति छैन ।

## व्रतालुको रगत परीक्षण गर्ने उद्देश्यले वा रगतदानको उद्देश्यले रगत निकाल्नुको हुकुम

प्रश्नः (१५५) आदरणीय शैख ज्यू, रगतदान गर्ने उद्देश्यले वा जाँच गर्ने उद्देश्यले व्रतालुको रगत निष्कासित गर्नुको के हुकुम छ ?

उत्तरः रगतको जाँच गर्ने उद्देश्यले व्रतालुको रगत निकाल्नुमा कुनै आपत्ति छैन, र यस्तो गर्नु जायज छ । तर रगत दान गर्ने उद्देश्यले रगत निकाल्नु सही छैन, किनकि रक्तदानमा धेरै रगत निष्कासित गरिन्छ जुन हिजामत अनुरूप छ । यसर्थ व्रतालुसित भनिन्छ कि व्रतको अवस्थामा रक्तदान नगर । तर यदि यसको अत्याधिक आवश्यकता होस् त रक्तदान गर्नु पनि जायज छ, जसरी यदि चिकित्सकहरू यो भनुन् किः यदि शीघ्र नै यस व्यक्तिलाई रगत चढाइएन भने यो मान्छे मरिहाल्छ, र उनीहरू

एउटा व्रतालुलाई पाए जसको रगत ग्रुप मिल्छ, र त्यो रक्तदानको लागि तयार पनि छ, र डाक्टरहरू त्यससित भन्छन् कि: तुरुन्तै तिमीलाई रक्तदान गर्नु पर्छ, त यस्तो अवस्थामा त्यस व्रतालुलाई यो जायज छ कि त्यो रक्तदान गरिहालोस्, अनि खानपान गरोस्, किनकि रक्तदानबाट त्यसको व्रत भंग भयो, र पूर्ण दिन त्यो खानपान गरोस् । र यस्तो गर्नु त्यसको लागि यस कारण जायज भयो किनकि ज्यान बचाउने उद्देश्यले त्यसले यस्तो गरेको छ, यसर्थ त्यसको हुकुम त्यस्तै भइहाल्यो जसरी कोही डुब्ने मान्छे वा जल्ने मान्छेको ज्यान धचाउँछ त्यसको हुकुम छ ।

## व्रतको अवस्थामा मलहम र वासलीन आदकिो प्रयोगको हुकुम

प्रश्न: (१५६) आदरणीय शैख ज्यू, केही व्रतालुहरू आफ्नो नाक र ओंठमा सुख्खापन महसूस गर्छन् अनि त्यसमा वासलीन औषधी आदि प्रयोग गर्छन्, वा कुनै मलहम जेल आदि प्रयोग गर्छन् त यसको के हुकुम छ ?

उत्तर: यस्ता खालका वासलीन र मलहम प्रयोग गर्नुमा कुनै आपत्ति छैन । यस्तै यदि मान्छे कुनै कपडालाई भिजाएर त्यसलाई शीतल गरोस् मिजाओस् त यसमा पनि कुनै आपत्ति छैन । तर यस कुरामा सावधानी अपनाओस् कि त्यसमध्ये कुनै कुरा त्यसको पेटसम्म नपुगोस् ।

प्रश्न: (१५७) आदरणीय शैख ज्यू, तर यदि बिना इच्छा नै कुनै कुरा पेटसम्म पुग्यो त यसको के हुकुम छ ?

उत्तर: यदि बिना जानकारी र बिना इच्छा कुनै कुरा मान्छेको पेटसम्म पुग्यो भने कुनै फर्क पर्दैन जसरी कि कुल्ला गर्दाखेरि पानीबाट केही त्यसको पेटसम्म पुगिहाल्छ भने कुनै फर्क पर्दैन ।

## व्रतालुले नसा वा शरीरको कुनै भागको मासुमा इन्जेक्शन लगाउनु

प्रश्न: (१५८) आदरणीय शैख ज्यू, व्रतको अवस्थामा नसा वा शरीरको कुनै भागको मासुमा इन्जेक्शन लगाउनुको के हुकुम छ ?

उत्तर: माँसापेशी, नसा र नितम्बमा इन्जेक्शन लगाउनुमा कुनै आपत्ति छैन, र यसद्वारा व्रत भंग हुँदैन, किनकि नत यो खानपानमध्येको हो नत त्यस अन्तर्गत नै आउँछ । र यो हामी पहिला नै वर्णन गरिसकेका छौं कि यो व्रतमा कुनै प्रभाव पार्दैन, बरु व्रतमा मात्र त्यो इन्जेक्शन प्रभाव पार्छ जसबाट खानपानबाट निस्पृहता प्राप्त होस् ।

## व्रतालुले अत्याधिक पटक नाकमा पानी हाल्नु र कुल्ला गर्नु

प्रश्न: (१५९) आदरणीय शैख ज्यू, व्रतालुद्वारा रमजानको महिनामा व्रत बसेको अवस्थामा दिनको

समय अत्याधिक कुल्ला गर्नु र नाकमा पानी हाल्नुको के हुकुम छ ?

उत्तर: रसूल सल्लल्लाहो अलैहे वसल्लमले लकीत बिन सबुरहसित भन्नु भयो:

"أسبغ الوضوء ، وخلل بين الأصابع ، وبالغ في الاستنشاق إلا أن تكون صائماً" أخرجه أبو داود كتاب الطهارة ، باب في الاستنثار، رقم (142)، والترمذي ، كتاب الصوم، باب ما جاء في كراهية مبالغة الاستنشاق للصائم، رقم (788)، والنسائي، كتاب الطهارة، باب المبالغة في الاستنشاق ، رقم (87)، وابن ماجة ، كتاب الطهارة، باب المبالغة في الاستنشاق والاستنثار رقم (406).

अर्थ : परिपूर्ण वजू गर, र औंलाहरूबीच खेलाल गर, र नाकमा अत्याधिक पानी हाल यस अवस्था बाहेक कि तिमी व्रत बसेका होऊ । ( अबू दाऊद, किताबुत्तहारह, बाबु फिल् इस्तिन्सार, हदीस नं. १४२ । र तिर्मिजी, किताबुस्सौम, बाबु मा जाअ् फि

कराहियति मुबालगतिल् इस्तिन्शाकि लिस्साइम, हदीस नं. ७८८ । र नेसाई किताबुत्तहारह, बाबुल् मुबालगति फिल् इस्तिन्शाक, हदीस नं. ८७ । र इब्ने माजा, किताबुत्तहारह, बाबुल् मुबालगति फिल् इस्तिन्शाकि वल् इस्तिन्सार, हदीस नं. ४०६)

त यो हदीस यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि व्रतालु नाकमा धेरै पानी नहालोस् नत धेरै कुल्ला गरोस्, किनकि यस्तो गर्नाले कदाचित पानी पेटसम्म पुग्नुको कारण भइहाल्छ । तर यदि कुनै मान्छेले यसमा अधिकता गऱ्यो अनि बिना इच्छा पानी पेटसम्म पुग्यो भने यसद्वारा व्रत भंग हुँदैन, किनकि अघि नै हामीले वर्णन गरें कि व्रत भंग हुनुको लागि यो शर्त छ कि मान्छे त्यस कुरालाई गर्नुको इच्छुक होस् जसद्वारा व्रत भंग हुन्छ, र यता कुरा बेग्लै छ ।

## व्रतालुले सुगन्ध सुँघ्नु

प्रश्न: (१६०) आदरणीय शैख ज्यू, सुगन्धलाई सुँघ्नुको के हुकुम छ चाहे त्यो स्प्रे होस् वा इत्र वा धुवनी ?

उत्तरः सुगन्धलाई सुँघ्नुले कुनै फर्क पर्दैन चाहे त्यो धुवनी होस् वा स्प्रे, तर यदि त्यो धुवनी हो भने त्यसलाई ननिलोस् किनकि यो पनि पानी झैं पेटसम्म पुगिहाल्छ र पानी झैं व्रतलाई भंग गरिदिन्छ, तर मात्र सुँघ्नुले कुनै फर्क पर्दैन ।

## ड्राप र धुवनीमा फर्क

प्रश्नः (१६१) आदरणीय शैख ज्यू, धुवनी र ड्रापबीच के फर्क छ जबकि ड्रापको स्वाद घाँटीमा महसूस गरिन्छ ?

उत्तरः दुवैबीच फर्क यो छ कि जब मान्छे धुवनीलाई सुँघ्दै निल्दछ त त्यो सइच्छाले निल्दछ, तर ड्राप हाल्दा मान्छेको यो नीयत हुँदैन कि त्यो त्यसको पेटसम्म पुगोस्, बरु त्यसलाई त्यो मात्र आफ्नो नाकमा हाल्ने नीयत गर्दछ ।

## बिर्सेर खानु पिउनु

प्रश्नः (१६२) आदरणीय शैख ज्यू, त्यस मान्छेको के हुकुम छ जुन बिर्सेर खाओस् र पिओस्, र जब खाँदैरहेको अवस्थामा वा पिउँदै अवस्थामा त्यसलाई

याद आओस् कि त्यो व्रत बसेको छ त त्यो के गरोस् ?

उत्तरः यो कुरो अघि नै वर्णन गरेका छौं कि यदि मान्छे बिर्सेर खान्छ वा पिउँदछ त त्यसको व्रत भंग हुँदैन चाहे बिर्सेर त्यसले धेरै खाएको होस् वा पिएको होस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من نسي وهو صائم فأكل أو شرب فليتم صومه، فإنما أطعمه الله وسقاه" ) أخرجه البخاري ، كتاب الصوم ، باب الصائم إذا كان أكل أو شرب ناسياً ، رقم (1933)، ومسلم كتاب الصيام ، باب أكل الناسي وشربه وجماعه لا يفطر، رقم (1155).

अर्थ : जसले यो बिर्सयो कि त्यो व्रत बसेको छ अनि त्यसले खायो वा पियो, त त्यो आफ्नो व्रतलाई पूर्ण गरोस् किनकि त्यसलाई अल्लाहले खुवाएको छ र पिलाएको छ। (बुखारी, किताबुस्सौम, बाबुस्साइमि इजा काना अकला अव शरिबा

नासियन्, हदीस नं. १९३३ । र मुस्लिम, किताबुस्सियाम, बाबु अकलुन्नासी वशुरबहू वजमाअहू ला युफतर, हदीस नं. ११५५)

र जहिले पनि त्यसलाई व्रत बस्ने कुरा याद आओस् त्यो तुरुन्तै खानपान त्यागोस्, त यदि त्यो खाइरहेको छ, र खाना त्यसको मुखमा छ अनि त्यसलाई याद आए बित्तिकै मुखमा भएको खानालाई थुकोस्, किनकि जुन वैधानिक कारण थियो अर्थात बिर्सनु त्यो समाप्त भइसक्यो ।

## जब व्रतालु कसैलाई भोजन गर्दा हेरोस् त के गरोस्

प्रश्नः (१६३) आदरणीय शैख ज्यू, अधिकांश मानिसहरूबीच यो प्रचलित छ कि जब मान्छे कुनै व्रतालुलाई खाँदा हेरोस् त त्यसलाई सावधान नगरोस् ? त यसको के सत्यता छ ? र जब कसैलाई खाँदा हेरोस् त वास्तवमा त्यो के गरोस् ?

उत्तरः जसले पनि व्रतालुलाई खाँदा हेरोस् त्यसलाई चाहियो कि त्यसलाई सावधान गरोस् किनकि यो

भलाईमा सहायता गर्नु हो, जसरी कि कुनै मान्छे कसैलाई किब्ला बाहेकको दिशातिर अनुहार गरेर नमाज पढदा हेरे बित्तिकै त्यसलाई सावधान गर्छ । र यस्तै कुनै मान्छेलाई अपवित्र पानीद्वारा वजूगर्दा हेर्छ त सावधान गर्छ ... । त यस्ताखालका समस्त समस्याहरूमा त्यसलाई सावधान गर्नु र कुरालाई स्पष्ट गर्नु आवश्यक छ । यसर्थ यद्यपि बिर्सेको मान्छे बिर्सने कारणले असमर्थ छ तै पनि जब त्यसको भाइ त्यसको व्रत बस्ने कुराबाट अवगत छ त त्यसलाई चाहियो कि त्यसले बिर्सेमा त्यसलाई सावधान गरोस् । र यसको प्रमाण कदाचित रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो फर्मान हुनसक्छ उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"إنما أنا بشر مثلكم أنسى كما تنسون ، فإذا نسيت فذكروني" (أخرجه البخاري، كتاب الصلاة، باب التوجه نحو القبلة حيث كان، رقم (401)، ومسلم ، وكتاب المساجد ومواضع الصلاة، باب السهو في الصلاة والسجود له، رقم (572).

अर्थ : म पनि तिमीहरू झैं मानव नै हूँ, म पनि उस्तै बिर्सन्छु जसरी तिमी बिर्सन्छौ, यसर्थ जब म बिर्सिहालूँ त मलाई सावधान गर्नु । (बुखारी, किताबुस्सलात, बाबुत्तवज्जुह नहवल् किब्लति हैसु काना, हदीस नं. ४०१ । र मुस्लिम, किताबुल् मसाजिदि वमवाजिउस्सलात, बाबुस्सहवे फिस्सलाति वस्सुजूदि लहू, हदीस नं. ५७२)

त जब नमाजमा नमाजमा बिर्सने मान्छेलाई सावधान गरिन्छ त यस्तै व्रतालुलाई पनि सावधान गरिन्छ ।

## व्रतालुको शरीरबाट रगत निस्कनु

प्रश्नः (१६४) आदरणीय शैख ज्यू, व्रतालुको नाक मुख वा शरीरका अन्य भागहरूबाट रगत निस्कनुको के हुकुम छ ?

उत्तरः रगतको निष्कासन चाहे त्यो धेरै किन नहोस् यदि त्यो व्रतालुको बिना इच्छा निस्कन्छ भने यसबाट त्यसको व्रतमा कुनै प्रभाव पर्दैन । त यदि त्यसको नाकबाट अत्याधिक रगत गिरोस् कुनै

विरामी वा अन्य कुनै करणले तै पनि त्यसको व्रत सही हुन्छ, र त्यसमाथि कुनै कजा छैन ।

प्रश्नः (१६५) आदरणीय शैख ज्यू, यदि त्यो मान्छे नै रगत निष्कासनको कारण होस् जसरी कि आफ्नो दाँत निकालिरहेको होस् त के हुकुम छ ?

उत्तरः यस्तो अवस्थामा पनि कुनै आपत्ति छैन, किनकि त्यो आफ्नो दाँत यस कारण निकालिरहेको छैन कि रगत निस्कोस्, बरु दाँत यस कारण निकालिरहेको छ किनकि त्यसमा पीडा छ, यसै कारण त्यो दाँत निकालिरहेको छ । र वास्तवमा दाँत निकाल्दा थोरै रगत निस्कन्छ जुन हजामत सरह छैन नत हजामतको सन्दर्भमा नै आउँछ ।

प्रश्नः (१६६) आदरणीय शैख ज्यू, जब मान्छेले इफ्तारी गऱ्यो अनि जहाजमा चढ्यो, र जब जहाज उड्यो त त्यसले सूर्य हेऱ्यो, त यसको के हुकुम छ ?

उत्तरः त्यसलाई खानपानबाट रुक्नुको कुनै आवश्यकता छैन, किनकि जब सूर्य अस्त भएको थियो त त्यसको व्रत पूर्ण भइसकेको थियो अर्थात

यो दिन समाप्त भइसकेको थियो, र त्यसले जुन इफ्तारी गरेको थियो त्यो वैधानिक प्रमाण अनुकूल छ, र जुन व्यक्तिले पनि वैधानिक प्रमाण अनुकूल कार्य गऱ्यो त्यसलाई त्यस कार्यलाई पुनः दोहोऱ्याउनुको आदेश गरिन्न ।

## रमजान महिनाको दिनमा सहवास गर्नु

प्रश्नः (१६७) आदरणीय शैख ज्यू, रमजान महिनाको दिनमा सहवास गर्नुको के हुकुम छ चाहे बिर्सेर होस् वा जानेर ? र त्यसमाथि के अनिवार्य हुन्छ ?

उत्तरः रमजान महिनाको दिनमा सम्भोग गर्नु अरु व्रत भंग गर्ने कुरा झैं व्रतलाई भंग गरिदिन्छ । तर यदि मान्छे यात्रामा छ भने चाहे त्यो व्रत बसेको होस् वा व्रत नबसेको होस् त्यसले सहवास गरेमा कुनै फर्क पर्दैन, तर यदि त्यो व्रत बसेको छ भने त्यसमाथि यस दिनको कजा अनिवार्य छ । र यदि मान्छे ती मानिसहरू अन्तर्गत आउँछ जिनमाथि व्रत अनिवार्य छ (अर्थात व्रतलाई स्थगित गर्ने कुनै वैधानिक कारण छैन जसरी यात्रा आदि) त यदि त्यसले बिर्सेर सम्भोग गरेको छ त त्यसमाथि नत

कुनै जरिवाना छ नत त्यसको व्रत नै भंग हुन्छ बरु त्यसको व्रत सही हुन्छ, किनकि जति व्रतलाई भंग गर्ने कुराहरू छन् यदि त्यसलाई मान्छेले बिर्सेर गरेको छ भने त्यसको व्रत सही हुन्छ । तर यदि त्यसले जानेर यस्तो गरेको छ भने त्यसमाथि पाँच कुरा अनिवार्य भए: त्यसलाई पाप लाग्छ । त्यस दिनको व्रत भंग भइहाल्छ । र सहवास गरे पश्चात पनि त्यसलाई खानपान गर्ने अनुमति छैन । र त्यस दिनको व्रतको कजा गर्नु पर्छ । र त्यसको कफ्फारह (क्ष्मतिपूर्ति) पनि दनि पर्छ । र यसको कफ्फारह हो: एक दास मुक्त गर्नु । वा यदि यसको सामर्थ्य छैन भने निरन्तर दुई महिनाको व्रत बस्नु । र यदि यसको पनि सामर्थ्य छैन भने साठी मिस्कीनलाई खाना खुवाउनु पर्छ । किनकि हजरत अबू हुरैरहले वर्णन गरेको हदीसमा छ कि: एउटा मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लमको समक्ष आएर भन्यो: हे अल्लाहका रसूल मत बर्बाद भएँ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कुन कुराले तिमीलाई बर्बाद गऱ्यो ? त त्यसले भन्यो: म रमजानको महिनामा व्रत बसेको अवस्थामा आफ्नो

स्वास्नीसित सहवास गरें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसको कफ्फारह एक दासलाई मुक्त गर्नु बताउनु भयो, त त्यसले भन्योः मसित कुनै दास छैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले निरन्तर दुई महिना व्रत बस्ने कुरा बताउनु भयो, त त्यसले भन्यो कि यसमा पनि त्यो सूक्ष्म छैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः साठी मिस्कीनलाई खाना खुवाऊ, त त्यसले भन्योः मसित यसको पनि सामर्थ्य छैन, अनि त्यो मान्छे त्यतै बसिरह्यो, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष खजूर ल्याइयो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यससित भनेः यसलाई लैजाऊ र गरिबहरूमा दान गरिहाल, त त्यसले भन्योः के मभन्दा गरिबमाथि दान गरूँ हे अल्लाहका रसूल अल्लाहको शपथ यस मदिनामा (यसदुवै पर्वतबीच) मभन्दा गरिब कोही छैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले हाँस्नु भयो यहाँसम्म कि तपाईको दाँतहरू वा कुकुरदाँत जाहेर भयो, अनि भन्नु भयोः यसलाई आफ्नो परिवारलाई नै खुवाऊ ।◊

---

◊ बुखारी, किताबुस्सौम, बाबु इजा जामआ फि रमजाना वलम यकुन् लहू

प्रश्न: (१६८) आदरणीय शैख ज्यू, जब एकभन्दा अधिक पटक रमजानमा वा एक दिनमा सहवास गरियोस् त के कफ्फारह पनि एकभन्दा अधिक दनिु पर्छ ?

उत्तर: इमाम अहमदको यो कथन प्रसिद्ध छ कि जब एउटै दिनमा मान्छेले अनेकौं पटक सहवास गऱ्यो भने मात्र एक पटक कफ्फारह दिन्छ। तर यदि दुई दिनमा वा त्यसभन्दा अधिक दिनमा यस्तो गरेको छ भने प्रत्येक दिनको अलग अलग कफ्फारह दिनु पर्छ, किनकि प्रत्येक दिनको पूजा अलग हुन्छ जुन पूर्ण पूर्ण हुन्छ।

शैइन्.., हदीस नं. १९३६। र मुस्लिम, बिताबुस्सियाम बाबु तगलीजि तहरीमिल् जेमाअे फि नहारे रमजाना अलस्साइमि, हदीस नं. ११११।

# यात्रुको व्रत

**प्रश्नः (१६९) आदरणीय शैख ज्यू, त्यस यात्रुको व्रतको के हुकुम छ जब व्रत त्यसको लागि कष्टदायी भइहालोस् ?**

उत्तरः जब व्रतको कारण यति कष्ट होस् जसलाई सामान्यतया सहन गर्न सकियोस् त यस्तो अवस्थामा व्रत बस्नु अप्रिय छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेलाई हेर्नु भयो जसमाथि व्रत अधिपत्यवान भइसकेको थियो, अर्थात व्रतलेगर्दा त्यो कम्जोरी महसूस गरिरहेको थियो, र मान्छेहरू त्यसको वरिपरि जम्मा भएका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले सोधे कि यो के हो ? त उनीहरूले भनेः यो व्रतालु हो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"ليس من البر الصيام في السفر" ( أخرجه البخاري،

كتاب الصوم، باب قول النبي صلي الله عليه وسلم لمن ظلل

عليه واشتد الحر.. رقم( 1946)، ومسلم ، كتاب الصيام، باب جواز الصوم والفطر في شهر رمضان للمسافر في غير معصية، رقم (1115).

अर्थ : यात्रामा व्रत बस्नु भलाईको कार्य होइन । (बुखारी, किताबुस्सौम, बाबु कौलिन्नबी सल्लल्लाहो अलैहे वसल्लमा लेमन् जल्लला अलैहे वश्तद्दल् हर्र..., हदीस नं. १९४६ । र मुस्लिम, किताबुस्सियाम, बाबु जवाजिस्सौमे वल् फित्रे फि शहरे रमजाना लिल् मुसाफिरि फि गैरे मअ्सियह, हदीस नं. १११५)

तर यदि मान्छेलाई व्रतबाट अत्याधिक कष्ट परेको होस् त त्यसमाथि अनिवार्य यो छ कि त्यो व्रतलाई भंग गरिदेओस्, किनकि जब नबी सल्लल्लाहो अलैहे वसल्लमसित मानिसहरूले यो गुनासो गरेका थिए कि यात्रामा व्रतले उनीहरूलाई निकै कष्टमा पारेको छ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले व्रतलाई भंग गरिदिएका थिए, अनि जब उहाँसित भनियो कि अहिलेसम्म केही मानिसहरू व्रत बसेकै अवस्थामा

नै छन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"أولئك العصاة، أولئك العصاة" ( أخرجه مسلم ، كتاب الصيام، باب جواز الصوم والفطر في شهر رمضان للمسافر في غير معصية ، رقم (1114).

अर्थ : उनीहरू नै अवज्ञाकारी हुन्, उनीहरू नै अवज्ञाकारी हुन् । (मुस्लिम, किताबुस्सियाम, बाबु जवाजिस्सौम वल् फित्र फि शहरे रमजाना लिल् मुसाफिरे फि गैरे मअ्सियतिन्, हदीस नं. १११४)

तर जसलाई व्रत बस्नुले कुनै कष्टको अनुभव नहोस् त्यसको लागि श्रेष्ठ यो नै छ कि त्यो व्रत बसोस् रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्दै, जस्तो कि हजरत अबू दरदा रजिअल्लाहो अन्होको वर्णन छ कि: हामी रमजानको महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ अति गर्मी र तापको दिनमा थियौं, र हामीमध्ये रसूल सल्लल्लाहो

अलैहे वसल्लम र अब्दुल्लाह बिन रवाहा बाहेक कोही पनि व्रत बसेको थिएन ।[1]

**प्रश्न: (१७०) आदरणीय शैख ज्यू, के यात्रामा व्रतलाई त्याग्नुको कुनै निर्धारित संख्या वा सीमा छ ?**

उत्तर: छैन, कुनै संख्या र सीमा निर्धारित छैन ।

**प्रश्न: (१७१) आदरणीय शैख ज्यू, हाम्रो प्रश्नको तात्पर्य यो हो कि यदि कुनै मान्छे यात्रा गर्न चाहोस् वा कुनै अर्को शहर नगरमा पाँच दिनभन्दा अधिक बसेको होस् त के गरोस् ?**

उत्तर: यस्तो अवस्थामा पनि मान्छेलाई जायज छ कि त्यो व्रत नबसोस्, किनकि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले मक्कामाथि विजय प्राप्त गरेका थिए त २० रमजानको दिन त्यसमा प्रवेश गरेका थिए, र त्यस पश्चात पूर्ण रमजान व्रत बसेका थिएनन् जस्तो कि इब्ने अब्बासको माध्यमले

[1] बुखारी, किताबुस्सौम, हदीस नं. १९४५ । र मुस्लिम किताबुस्सियाम बाबुत्तख्यीर फिस्सौमे वल् फित्रे फिस्सफर, हदीस नं. ११२२ ।

यस हदीसलाई बुखारीले वर्णन गरेका छन् । त त्यस पश्चात नबी सल्लल्लाहो अलैहे वसल्लम रमजानको ९ वा १० दिन मक्कामा नै बसेका थिए, र पूर्ण १९ दिन बसेका थिए जसमा उहाँ नमाजको कस्र पनि गर्थे र रमजानको ९ वा दश दिन व्रत पनि बसेका थिएनन् ।

## उमरा गर्ने मान्छेको व्रतको हुकुम

प्रश्नः (१७२) आदरणीय शैख ज्यू, कतिपय मानिसहरू रमजानको महिनामा उमरा गर्छन् तर तिनी व्रतलाई भंग गर्नुलाई आपत्तिजनक मान्दछन्, किनकि उनी पूजाको उद्देश्यले त्यहाँ गएका हुन्छन्, यसर्थ रमजानको महिनामा उमरा गर्ने उद्देश्यले मक्का जानु र त्यहाँ पुगे पश्चात व्रत बस्नुको के हुकुम छ ?

उत्तरः त्यसको व्रतको यो हुकुम छ कि व्रत बस्नुले कुनै आपत्ति छैन, र अघि नै हामीले वर्णन गऱ्यौं कि यात्रुलाई यदि व्रत बस्नुले कुनै कष्ट छैन भने व्रत बस्नु श्रेष्ठ छ, र यदि व्रत बस्दैन तै पनि कुनै आपत्ति छैन । त यदि उमरा गर्ने मान्छे भन्छः यदि

म व्रत भंग गर्दैन भने उमरा गर्नु मेरो लागि कष्टदायक हुन्छ, यसर्थ म दुई कार्यमध्ये एकलाई गर्नुमा बाध्य भइहाल्छु: याता म आफ्नो व्रतलाई पूर्ण गरूँ अनि सूर्यास्त भए पश्चात इफ्तारी गरेर उमरा गरूँ, वा व्रत भंग गरेर उमरा गर्न आरम्भ गरूँ । त हामी त्यसलाई भन्छौं: तिम्रो लागि श्रेष्ठ यो छ कि तिमी मक्कामा पुगे वित्तिकै अर्थात हरममा पुगे वित्तिकै आफ्नो व्रतलाई भंग गरेर पहिला आफ्नो उमरालाई सम्पन्न गर, किनकि यस्तो गर्नाले तिमी मक्कामा पुगे पश्चात पहिलो कार्य उमरा गरिरहेका छौ र यो नै नबी सल्लल्लाहो अलैहे वसल्लमको पद्धति अनुकूल छ ।

## व्रत भंग गर्ने उद्देश्यले वा व्रत नबस्ने उद्देश्यले रमजानमा यात्रा गर्नु

प्रश्न: (१७३) आदरणीय शैख ज्यू, व्रत नबस्ने उद्देश्यले रमजानमा यात्रा गर्नुको के हुकुम छ ? र यो कसरी हुन्छ ?

उत्तर: वास्तवमा व्रत मान्छेमाथि अनिवार्य छ, बरु यो इस्लामका आधारहरूमध्ये एउटा आधार हो, र

अनिवार्य कार्यमा मान्छेको लागि यो कदापि जायज छैन कि षडयन्त्र वा बहाना गरेर त्यसको अनिवार्यतालाई आफूबाट स्थगित गरोस् । त जसले यस उद्देश्यले यात्रा गर्छ कि त्यसलाई व्रत नबस्न परोस्, त त्यसको यो यात्रा पनि हराम छ र व्रत नबस्नु पनि हराम छ । त त्यसमाथि अनिवार्य छ कि त्यो अल्लाहसित डरोस् र क्षमायाचना एवं प्रयाश्चित गरोस्, र आफ्नो यस यात्राबाट फर्केर आओस्, र व्रतको आयोजना गरोस् । त यदि यस यात्राबाट फर्केर आउँदैन भने त्यसमाथि व्रत बस्नु अनिवार्य भइहाल्छ चाहे त्यो यात्रामा किन नहोस् ।

र यस उत्तरको सार यो कि: मान्छेलाई कदापि यो जायज छैन कि रमजान महिनामा व्रत नबस्ने कुरालाई ग्राह्य गर्ने उद्देश्यले यात्राको षडयन्त्र गरोस्, किनकि अनिवार्य कार्यलाई स्थगित गर्ने मनसायले षडयन्त्र गर्नुले त्यसको अनिवार्यता स्थगित हुँदैन, जसरी कि हरामलाई हलाल गर्ने षडयन्त्र त्यसलाई हलाल गर्न सक्दैन ।

## रमजानमा छुटेको व्रतको कजा

## प्रश्न: (१७४) आदरणीय शैख ज्यू, रमजानका छुटेको व्रतको कजाको के हुकुम छ ? र त्यसलाई कब कजा गर्ने ?

उत्तर: रमजानका छुटेको व्रतको कजा जल्दीभन्दा जल्दी गर्नु विलम्ब गर्नुभन्दा श्रेष्ठ छ, किनकि मान्छेलाई यो थाहा छैन कि भविष्यमा त्यसको साथमा के हुन्छ, किनकि छुटेको व्रतको कजा गर्नुमा जल्दबाजी गर्नु भलाईलाई जल्दी गर्नु सरह छ । र यदि हजरत आइशा रजिअल्लाहो अन्हाले वर्णन गरेको यो हदीस हुँदैनथ्यो कि: ममाथि रमजान महिनाको व्रतको कजा हुन्थ्यो जसलाई म शअ्बानभन्दा अघि कजा गर्न सक्दैनथें ।∇

त हामी भन्थ्यौं कि कजालाई जल्दी गर्नु अनिवार्य छ । त यो हदीस पनि यस कुरामा प्रमाणीकरण गर्छ कि जसमाथि रमजान महनिाको कजा होस् त्यो अर्को रमजानसम्मको लागि त्यसलाई अवलम्बित नगरोस् । यसर्थ कुनै यस्तो मान्छे जसमाथि

∇ बुखारी, किताबुस्सौम, बाबु मता यक्जी कजाअ् रमजान, हदीस नं. १९५० । र मुस्लिम किताबुस्सियाम, बाबु कजाए रमजान फि शअ्बान, हदीस नं.१४१६ ।

रमजानको छुटेको व्रतको कजा होस् त्यसलाई यो जायज छैन कि आउनेवाला रमजानसम्मको लागि अकारण अवलम्बित गरोस्, जसरी कि यदि त्यो निरन्तर विरामी नै होस् अनि कजा गर्नुमा सूक्ष्म थिएन, वा कुनै यस्तो महिला होस् जुन निरन्तर आफ्नो बच्चालाई दूध खुवाइरहेको होस् जसकारण व्रत बस्न सकेन, त यस्ताखालका मानिसहरूको लागि जायज छ कि आउनेवाला रमजान पश्चातसम्मको लागि कजालाई अवलम्बित गरुन् ।

प्रश्न: (१७५) आदरणीय शैख ज्यू, केही मानिसहरूको यो दृष्टिकोण छ कि जब कुनै पूजा त्यसको निर्धारित समयमा गरिएन त त्यो स्थगित भइहाल्छ, यसर्थ जब नमाजलाई त्यसको निर्धारित समयमा आयोजित गरिएन त त्यसलाई अरु समयमा पढिन्न, अर्थात कजा गरिन्न, र यस्तै जब रमजानको व्रत छुट्यो वा पूर्ण रमजानको व्रत छुट्यो त रमजानको छुटेको व्रतको के हुकुम छ ?

उत्तर: हामीले अघि नै यो विधि वर्णन गरिसकेका छौं कि यदि समयद्वारा सीमित पूजालाई मान्छेले बिना कुनै वैधानिक कारण त्यसको समयबाट

अवलम्बित गऱ्यो भने त्यो कहिले पनि पूर्ण हुँदैन चाहे त्यसलाई हजार पटक किन नगरियोस्, त त्यसमाथि मात्र तौबा गर्नु छ, र यो नै पर्याप्त छ। तर यदि व्रतलाई कुनै वैधानिक कारणले छाडेको होस् जसरी रोगले गर्दा वा यात्राले गर्दा..., त त्यसमाथि कजा गर्नु अनिवार्य छ जस्तो कि अल्लाहको फर्मान छः

﴿ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ﴾ البقرة: ١٨٣ - ١٨٥

अर्थ : तर तिमीहरूमध्ये जुन मानिस विरामी छ अथवा यात्रामा छ, तब उसले अन्य दिनहरूमा रोज़ाको दिनको संख्या पूरा गरोस्। (सूरतुल् बकरः १८३-१८५)

प्रश्नः (१७६) आदरणीय शैख ज्यू, यदि कुनै मान्छेको रमजानको व्रत छुटेको छ अनि त्यस्तै बिना कुनै कारण आउनेवाला रमजानसम्म त्यसको कजा गरेन

त के त्यसमाथि कजाको साथै अरु कुनै कुरा अनिवार्य हुन्छ ?

उत्तर: सही कथन यो नै हो कि त्यसमाथि कजा गर्नु बाहेक अरु केही छैन, र त्यसमाथि खाना खुवाउनु अनिवार्य छैन अल्लाहको यस कथनको आम हुनाले:

﴿ فَمَن كَانَ مِنكُم مَّرِيضًا أَوْ عَلَىٰ سَفَرٍ فَعِدَّةٌ مِّنْ أَيَّامٍ أُخَرَ ﴾ البقرة: ١٨٣ - ١٨٥

अर्थ : तर तिमीहरूमध्ये जुन मानिस विरामी छ अथवा यात्रामा छ, तब उसले अन्य दिनहरूमा रोज़ाको दिनको संख्या पूरा गरोस् । (सूरतुल् बकर: १८३-१८५)

त अल्लाहले छुटेको व्रतको सट्टामा अरु दिनहरूमा त्यसको कजा गरेर गणना पूर्ण गर्ने आदेश गरेको छ, र खाना खुवाउनुको कुरालाई वर्णन गरेको छैन, यसर्थ वास्तवमा खाना खुवाउनुबाट त्यसको दायित्व मुक्त छ, र त्यसमाथि खाना खुवाउनु तबसम्म

अनिवार्य हुँदैन जबसम्म यस्तो गर्नुमाथि कुनै प्रमाण नहोस् ।

# रमजानमा कजा र अदाबीच अन्तर

**प्रश्न: (१७७) के रमजान महिनामा कजा र अदाबीच कुनै अन्तर छ ?**

उत्तर: हो, दुवैबीच विशाल अन्तर छ,

पहिलो: कजाको समय (अवधि) लामो हुन्छ जसरी अर्को रमजानसम्म, तर अदा◊ रमजानको महिनामा नै हुनु पर्छ, त यसको समय सीमित हुन्छ ।

दोस्रो: अदामा सहवास गरे पश्चात कफ्फारह दिनु पर्छ, जबकि कजागर्दा यदि मान्छेले सहवास गऱ्यो भने त्यसमाथि कुनै कफ्फारह छैन ।

तेस्रो: अदागर्दा यदि व्रत बसेको अवस्थामा कुनै वैधानिक कारणले व्रतलाई भंग गर्छ भने त्यसको व्रत त भंग नै भइहाल्छ तर दिनको बाँकी बचेको भागमा खानपान गर्नु मिल्दैन रमजानको अदाले

◊ अदा: कुनै पनि पूजालाई त्यसको निर्धारित समयमा गर्नुलाई अदा भनिन्छ । र कजा: निर्धारित समय पश्चात गर्नुलाई भनिन्छ ।

गर्दा, तर यदि मान्छे व्रतको कजा गरिरहेको छ त त्यसको व्रत भंग भइहाल्छ तर दिनको बाँकी भागमा त्यो खानपान गर्न सक्दछ, किनकि कजा गरिरहेको समयको आदर गर्नु अनिवार्य छैन, किनकि कजा गर्नुको समय अन्य दिनहरूमा पनि निरन्तर रहन्छ।

## त्यस मान्छेको हुकुम जसमाथि रमजानको व्रतको कजा थियो र त्यसको त्यसै अवस्थामा मृत्यु भयो

प्रश्नः (१७८) आदरणीय शैख ज्यू, जस मान्छेमाथि रमजान महिनाको व्रतको कजा थियो तर त्यसको मृत्यु भयो, त यसको के हुकुम छ ?

उत्तरः यदि कुनै मान्छेमाथि रमजान महिनाको व्रतको कजा छ र त्यसको यसै अवस्थामा मृत्यु भयो भने त्यसको सरप्रस्त अर्थात त्यसका आफन्ती वा वारिसहरू त्यसको तर्फबाट कजा गर्छन्, किनकि हजरत आइशाको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

"من مات وعليه صيام صام عنه وليه" أخرجه[1] البخاري، كتاب الصوم، باب من مات وعليه صوم، رقم(1952) ومسلم ، كتاب الصيام، باب قضاء الصيام عن الميت، رقم (1147).

अर्थ : जसको यस अवस्थामा मृत्यु भयो कि त्यसमाथि (रमजानको) व्रतको कजा थियो त त्यसको तर्फबाट त्यसको सरप्रस्त त्यसको कजा गर्छ। (बुखारी किताबुस्सौम, बाबु मन् माता वअलैहे सौम, हदीस नं. १९५२। र मुस्लिम, किताबुस्सियाम, बाबु कजाइस्सियामि अनिल् मैयित, हदीस नं. ११४७)

तर यदि त्यसको सरप्रस्त त्यसको तर्फबाट व्रत बस्दैन भने प्रत्येक दिनको साटोमा एक मिस्कीनलाई भोजन गारइयोस्।

प्रश्न: (१७९) आदरणीय शैख ज्यू, जब मुसलमानले रमजान महिनामा केही व्रतहरूको आयोजना गऱ्यो,

अनि रमजानमा नै त्यसको मृत्यु भयो, त के बाँकी व्रतको कजा त्यसको सरप्रस्तलाई गर्नु पर्छ ?

उत्तर: त्यसको सरप्रस्तमाथि यो अनिवार्य छैन कि त्यसको तर्फबाट बाँकी बचेको व्रतलाई पूर्ण गरोस्, र नत त्यसको तर्फबाट खाना नै खुवाउँछ, किनकि जब मान्छे मरिहाल्छ त त्यसको कर्मको स्रोत बन्द भइहाल्छ जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"إذا مات الإنسان انقطع عمله إلا من ثلاثة: إلا من صدقة جارية، أو علم ينتفع به، أو ولد صالح يدعو له" (تقدم تخريجه تحت سؤال رقم: 62)

अर्थ : जब मान्छेको मृत्यु भइहाल्छ त तीन कुरा बाहेक मान्छेका समस्त कर्मका स्रोतहरू बन्द भइहाल्छन्: (र ती तीन कुरा हुन्) कि त्यसले नरिन्तर रहीरहनेवाला दान गरेको होस्, वा कुनै यस्तो ज्ञान छाडेर गएको होस् जुन सबैको लागि लाभदायक होस्, वा यस्तो असल सदाचारी सन्तान

छाडेर गएको होस् जुन त्यसको लागि दुआ गरोस्।
( यसको सन्दर्भ प्रश्न नं. ६२ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ।)

त जब मान्छेको मृत्यु भयो त नत त्यसको व्रतबाट व्रत नै बसिन्छ नत खाना नै खुवाइन्छ, बरु जुन दिन त्यसको मृत्यु हुन्छ त्यस दिनको व्रतको पनि नत कजा गरिन्छ नत त्यसको साटो खाना नै खुवाइन्छ।

## तरावीहको नमाज

प्रश्नः (१८०) आदरणीय शैख ज्यू, रमजानको महिनामा जुन सुकर्मद्वारा अल्लाहको सामीप्यता प्राप्त गरिन्छ तीमध्ये तरावीहको नमाज पनि हो, त तरावीह र तहज्जुदको अर्थ के हो त ?

उत्तरः तरावीह त्यो कियाम हो जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

"من قام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه" (أخرجه البخاري، كتاب الإيمان، باب تطوع قيام

رمضان من الإيمان، رقم (37)، ومسلم، كتاب صلاة المسافرين وقصرها، باب الترغيب في قيام رمضان، رقم (759).

अर्थ : जसले रमजानमा प्रतिफलको आशाले ईमानको अवस्थामा कियाम गऱ्यो त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ । (बुखारी, किताबुल् ईमान, बाबु ततौउ कियामे रमजाना मिनल् ईमान, हदीस नं. ३७ । र मुस्लिम, किताबु सलातिल् मुसाफेरीना वकसरेहा, बाबुत्तरगीबि फि कियामे रमजान, हदीस नं. ७५९)

र यस नमाजलाई तरावीहको नामले यस कारण नामाकरण गरियो किनकि पहिलाका मानिसहरू यसलाई लामो गरेर पढथे, र प्रत्येक चार रकअत पश्चात अलि विश्राम गर्ने गर्थे, अनि अरु नमाज पढथे । र यसै सन्दर्भमा हजरत आइशाले वर्णन गरेको हदीसलाई लिन सकिन्छ, जसमा उनको भनाई छ कि:

"كان النبي صلى الله عليه وسلم يصلي أربعاً، فلا تسأل عن حسنهن وطولهن، ثم يصلي أربعاً، فلا تسأل عن حسنهن وطولهن، ثم يصلي ثلاثاً"() أخرجه البخاري، كتاب التهجد، باب قيام النبي صلى الله عليه وسلم بالليل في رمضان وغيره، رقم (1147)، ومسلم، كتاب صلاة المسافرين وقصرها، باب صلاة الليل وعدد ركعات النبي صلى الله عليه وسلم في الليل، رقم (738).

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लम चार रकअत पढथे जसको सुन्दरता र लामोपानाको कुरै नगर्नुस्, अनि पुनः चार रकअत पढथे जसको लामोपना र सुन्दरताको कुरै नगुर्नस्, अनि तीन रकअत पढथे। ( बुखारी, किताबुत्तहज्जुद, बाबु कियामिन्नबी सल्लल्लाहो अलैहे वसल्लमा बिल्लैलि फि रमजाना वगैरिही, हदीस नं. ११४७। र मुस्लिम, किताबु सलातिल् मुसाफेरीना वकसरेहा, बाबु सलातिल्लैलि वअददु रकआतिन्नबी सल्लल्लाहो अलैहे वसल्लमा फिल्लैल, हदीस नं. ७३८)

त उनको भनाईको तात्पर्य यो हो कि चार रकअत दुई सलामको साथ पढथे, तर ती चार रकअत र अर्को चार रकअतबीच बसेर अन्तराल गर्थे ।

र यो तरावीहको नमाज सुन्नत हो जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आरम्भ गरेका होउन्, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूलाई यो नमाज मात्र तीन दिन नै ढिाएका थिए, अनि पढाउनको लागि आउनु भएन, र भन्नु भयोः

"إني خشيت أن تفرض عليكم" ) أخرجه البخاري، كتاب التهجد، باب تحريض النبي صلى الله عليه وسلم على صلاة الليل، رقم (1129)، ومسلم، كتاب صلاة المسافرين، باب الترغيب في قيام رمضان، رقم (761)

अर्थ : मलाई यो भय लाग्यो कि तिमीहरूमाथि यसलाई अनिवार्य नगरियोस् । (बुखारी, किताबुत्तहज्जुद, बाबु तहरीजिन्नबी सल्लल्लाहो अलैहे वसल्लमा अला सलातिल्लैल, हदीस नं. ११२९

। र मुस्लिम, किताबु सलातिल् मुसाफेरीन, बाबुत्तरगीबि फि कियामे रमजान, हदीस नं. ७६१)

त मान्छेलाई यो आवश्यक छ कि यसको बारेमा सुस्ती नगरोस् ताकि त्यो कुरा पाओस् जुन रमजानको कियामको प्रतिफलमा पाइनेछ, र जुन हो विगतका पापहरूको क्षमादान । र आवश्यक यो छ कि त्यो यसलाई इमामको साथमा पढोस्, जस्तो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من قام مع الإمام حتى ينصرف كتب له قيام ليلة"

(أخرجه الترمذي، كتاب الصوم، باب ما جاء في قيام رمضان، رقم (806)، والنسائي، كتاب قيام الليل، باب قيام شهر رمضان ، رقم (1605)، وابن ماجه، كتاب الصيام، باب ما جاء في قيام شهر رمضان، رقم (1327).

अर्थ : जुन व्यक्ति इमामको साथमा कियाम गर्छ (तरावीहको नमाज पढ्छ) र तबसम्म फर्केर जाँदैन जबसम्म इमाम फर्कदैन, त त्यसको लागि पूर्ण रात्रीको कियाम (नमाज) लेखिन्छ । (तिर्मिजी,

किताबुस्सौम, बाबु मा जाअ् फि कियामे रमजान, हदीस नं. ८०६ । र नेसाई, किताबु कियमिल्लैल, बाबु कियामे शहरे रमजान, हदीस नं. १६०५ । र इब्ने माजा किताबुस्सियाम, बाबु मा जाअ् फि कियामे शहरे रमजान, हदीस नं. १३२७)

र यो कुरा कसैबाट लुकेको छैन कि यस सन्दर्भमा जुन त्रुटिलाई आज इमामहरू र तिनी बाहेक अन्य मानिसहरू गर्छन् ।

## ती त्रुटिहरू जुन तरावीहमा गरिन्छ

प्रश्न: (१८१) आदरणीय शैख ज्यू, हामी तपाईसित यो अनुरोध गर्दछौं कि हामीलाई ती त्रुटिहरूबाट अवगत गराउनुस् जुन तरावीहको नमाजमा गरिन्छ ?

उत्तर: हामीले यो कुरा अघि नै वर्णन गरें कि केही यस्ता त्रुटिहरू छन् जसलाई इमामहरू गरिहाल्छन् त केही यस्ता त्रुटिहरू छन् जसलाई सर्वसाधारण नमाजीहरू पनि गरिहाल्छन् ।

त रह्यो कुरो ती त्रुटिहरूको जसलाई विशेषरूपले इमामहरू गर्छन्: त कतिपय इमामहरू यति तीव्रताले तरावीहको नमाजका क्रियाहरूलाई गर्छन् कि त्यस पछि भएका मुक्तदीहरू (नमाजीहरु) राम्ररी र परिपूर्ण तरिकाले नमाज आयोजित गर्न सक्दैनन्, र यस्तो गर्नाले बुढो, रोगी र बच्चाहरूलाई यो कष्टकर भइहाल्छ। यसर्थ यस्तो गर्नु त्यस दायित्व विरुद्ध छ जसलाई उनी इमामहरूले बोकेका छन्, यसर्थ इमाम त्यो विश्वासनीय मान्छे हो जसमाथि यो अनिवार्य छ कि त्यो त्यस्तो तरिकाले नमाज पढाओस् जुन नमाज पढनेहरूको लागि लाभदायक होस्, किनकि त्यो एकलै नमाज पढिरहेको अवस्थामा स्वतन्त्र हुन्छ त यदि चाहोस् त यति जल्दबाजी गर्न सक्छ जसद्वारा नमाजको आयोजनामा कुनै फर्क नपरोस्, र यदि चाहोस् त लामो नमाज पढोस्। तर जब मान्छे इमाम हुन्छ त त्यसको दायित्व यो हो कि त्यो त्यस्तै नमाज पढाओस् जुन मुक्तदीहरूको लागि हितकर होस्। र यसै कारण विद्हरूले यो भनेका छन् कि: इमामको लागि यो अप्रिय ठानिएको छ कि त्यो नमाज

पढाउनुमा यति जल्दबाजी गरोस् कि नमाजीहरू वा केही नमाजीहरू नमाजमा भएका सुन्नत कार्यहरूलाई गर्नुबाट वंचित भइहालुन् ।

त सोच्नुस् त्यस इमामको के अवस्था हुन्छ जुन यति तीव्र गतिले नमाज पढाउँछ कि त्यसपछि भएका मानिसहरू नमाजका अनिवार्य कार्य गर्नुबाट वंचित भइहाल्छन् र जुन हो प्रशान्ति र सन्तुष्टि ।

र यस्तै केही इमामहरू तरावीहलाई वित्रको कैफियतमा पढाउँछन् अर्थता जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लम कहिलेकाहिँ पढदथे, अर्थात एकैचोटि पाँच रकअत पढेर तशह्हुदमा बस्छन् वा सात रकअत पढेर तशह्हुदमा बस्छन्, वा नौ रकअत पढाउँछन् अनि मात्र आठौं रकअत पढेर मात्र तशह्हुदमा बस्छन् र तशह्हुद गरेर मात्र नव्वौं रकअतको लागि उभ्छन् ।

त यस्तो केही इमामहरू गर्छन्, तर जब नबी सल्लल्लाहो अलैहे वसल्लम मानिसहरूलाई नमाज पढाउँथे त कहिले पनि यस्तो गरेका छैनन् हाम्रो ज्ञान बमोजिम, बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम

यस्तो मात्र तब गर्थे जब आफ्नो घरमा नमाज पढथे । र यद्यपि यस्तो तरिकाले पढनु सुन्नतबाट प्रमाणित छ कि मान्छे पाँच रक्अत एकै चोटि पढोस् वा सात रक्अत एकै चोटि पढोस् र यसको अन्तिम रकअतमा मात्र बसोस् वा नौ रकअत पढोस् र आठौं रकअतमा बसोस् अनि नव्वौं रकअत पढेर तशह्हुद गरे पश्चात मात्र सलाम फेरोस् । तर जब इमाम यसलाई रमजान महिनाको तरावीह पढाउँदा गर्छ त मानिसहरूलाई संकोचमा पारिदिन्छ, र उनीहरूलाई अप्ठ्यारोमा पारिदिन्छ, किनकि मान्छे दुई रकअत पढने मनसायले त्यसको साथमा शम्मिलित हुन्छ, वा केही मानिसहरूलाई दुई रकअत वा चार रकअत पश्चात यो आवश्यकता हुन्छ कि इमामले सलाम फेरे पश्चात त्यो पिशाब फेर्न वा कुनै अन्य आवश्यकताले जान्छ, त यस्तो मान्छेलाई झन् अप्ठ्यारो भइहाल्छ जब इमाम पाँच वा सात वा नौं रकअत पढाउन थाल्छ ।

तर यदि यस इमामको यो उद्देश्य छ कि सबै मासिनहरू समक्ष सुन्नतलाई स्पष्ट गरोस्, त हामी भन्छौं: सुन्नतलाई कथनद्वारा स्पष्ट गर, र भन्: कि

रसूल सल्लल्लाहो अलैहे वसल्लम पाँच रकअत वा सात रकअतद्वारा वित्र गर्थे जसको अन्त्यमा नै बस्थे, वा नौं रकअतद्वारा वित्र गर्थे जसमा आठौं रकअतमा बस्थे अनि उभेर नव्वौं रकअत पढे पश्चात तशहहुदमा बस्थे अनि सलाम फेर्थे । तर यस्तो कर्म जनसाधारणको साथ नगर जसमध्ये अधिकांश यसबाट अनभिज्ञ हुन्छन् ।

र यस्तै केही मानिसहरू नमाज आरम्भ भए पश्चात नमाजमा शम्मिलित हुन्छन् अनि इमामले यस्तो गरेमा त्यसलाई असमंजसमा पारिदिन्छ वा उनीलाई कष्टमा पारिदिन्छ । र यो कुरो पनि छ कि मेरो ज्ञानमा कुनै यस्तो घट्ना वर्णित छैन जसमा यो वर्णन होस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूलाई यस्तो तरिकाले वित्र पढाएका होउन्, बरु यस्तो तरिकाले उहाँ सल्लल्लाहो अलैहे वसल्लम मात्र घरमा पढथे ।

<u>र रहयो ती त्रुटिहरूको वर्णन जसलाई सर्वसाधारण नमाजीहरू तरावीहमा गर्छन्:</u> त तीमध्ये यो पनि हो कि केही मानिसहरू यस तरावीको नमाजमा कटाक्ष गर्छन् अर्थात दुई चार रकअत एउटा मास्जिदमा

पढछन् र दुई चार अर्को मस्जिदमा पढछन् त यस्तो गर्नाले उनी समयलाई नष्ट गर्छन्, र त्यो मान्छे त्यस विशाल प्रतिफलबाट पनि वंचित भइहाल्छ जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन् कि:

"من قام مع الإمام حتى ينصرف كتب له قيام ليلة"

(أخرجه الترمذي، كتاب الصوم، باب ما جاء في قيام رمضان، رقم (806)، والنسائي، كتاب قيام الليل، باب قيام شهر رمضان ، رقم (1605)، وابن ماجه، كتاب الصيام، باب ما جاء في قيام شهر رمضان، رقم (1327).

अर्थ : जुन व्यक्ति इमामको साथमा कियाम गर्छ ( तरावीहको नमाज पढछ) र तबसम्म फर्केर जाँदैन जबसम्म इमाम फर्कदैन, त त्यसको लागि पूर्ण रात्रीको कियाम लेखिन्छ । (तिर्मिजी, किताबुस्सौम, बाबु मा जाअ् फि कियामे रमजान, हदीस नं. ८०६ । र नेसाई, किताबु कियमिल्लैल, बाबु कियामे शहरे रमजान, हदीस नं. १६०५ । र इब्ने माजा

किताबुस्सियाम, बाबु मा जाअ् फि कियामे शहरे रमजान, हदीस नं. १३२७)

त यो महान घाटा र वंचितता हो ।

यस्तै केही मानिसहरू इमामभन्दा अगाडि नै नमाजका कार्यहरू गरिहाल्छन्, र नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

" أما يخشى الذي يرفع رأسه قبل الإمام أن يحول الله رأسه رأس حمار، أو يجعل الله صورته صورة حمار" (أخرجه البخاري ، كتاب الأذان ، باب إثم من رفع رأسه قبل الإمام، رقم (691)، ومسلم ، كتاب الصلاة ، باب النهي عن سبق الإمام بركوع أو سجود ونحوهما ، رقم (427).

अर्थ : के त्यो मान्छे जुन इमामले टाउको उठाउनुभन्दा अगावैं आफ्नो टाउको उठाइहाल्छ यस कुराबाट डराउँदैन कि त्यसको टाउकोलाई अल्लाह गद्हाको टाउकोमा परिणत गरिदिओस्, वा

त्यसको आकार गद्हाको आकारमा परिणत गरिदेओस् । (बुखारी, किताबुल् अजान, बाबु इस्मे मन् रफआ रासहु कबलल् इमाम, हदीस नं. ६९१ । र मुस्लिम, किताबुस्सलात, बाबुन्नहिए अन सबकिल् इमामि बिरुकूअिन् अव सुजूदिन् वनह्वेहिमा, हदीस नं. ४२७)

## के पूर्ण महिना तरावीहको नमाजलाई निरन्तरता दिनु आवश्यक छ

प्रश्न: (१८२) आदरणीय शैख ज्यू, के तरावीहको नमाजलाई पूर्ण रमजान महिनामा पढनु आवश्यक छ ?

उत्तर: मान्छेलाई आवश्यक छैन कि पूर्ण महिना यसलाई आयोजित गरोस्, किनकि तरावीह सुन्नत हो । त यदि पूर्ण महिना त्यसको आयोजना गर्छ भने पुण्य पाउँछ, तर यदि छाडिदिन्छ भने कुनै दण्ड र पाप छैन । तर मान्छे त्यसलाई त्यागेर विशाल पुण्यबाट बंचित रहन्छ जसरी कि हामीले अघि नै वर्णन गरेका छौं ।

# तरावीहको नमाजमा रुनु

प्रश्नः (१८३) आदरणीय शैख ज्यू, केही इमामहरू तरावीहको नमाजमा अत्याधिक रुन्छन्, अनि केही मानिसहरू इमामको यस कार्यमा टिप्पणी पनि गर्छन्, र भन्छन्ः यो अनावश्यक कुरा हो, त हजुरसित यो अनुरोध छ कि इमामको यस कार्यलाई र जुन इमाममाथि टिप्पणी गर्छन् त्यसबारे हुकुमलाई स्पष्ट गरदिनुस् ?

उत्तरः जुन रोवाई बिना इच्छा आइहाल्छ र साधारण रुनु सरह हुन्छ त यस्तो रोवाईमा कुनै आपत्ति छैन, बरु यी यस्ता कुराहरू हुन् जुन रुने मान्छेको हृदयस्वच्छता र हृदयशुद्धतामाथि प्रमाणीकरण गर्छन् । तर जुन व्यक्ति जानेर स्वइच्छाले रोउन्छ त मलाई यो भय छ कि यो त्यस आडम्बरमध्येको नहोस् जसलाई गरे वापत मान्छेलाई दण्डित गरिन्छ, र यसलाई गरेमा त्यसलाई पुण्य पनि मिल्दैन, जसरी केही इमाम र मानिसहरू वित्रको नमाजमा यस्ता उस्ता अप्रचलित र लामो दुआहरू गर्छन् जुन नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा

प्रमाणित छैन जसलेगर्दा केही नमाजीहरूलाई कष्ट पुग्नथाल्छ। तर रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति यो थियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम वित्रमा मनोनीत र निबन्धित र संग्रहित दुआहरू गर्थे, र त्यस बाहेकका दुआहरू गर्दैनथे । त म आफ्नो इमाम भाइहरूलाई यो उपदेश गर्दछु कि उनीहरू यस्तो लामो दुआ नगरुन् जुन नमाजीहरूको लागि कष्टदायक होस् जसमा उनीहरू अपरिचित र अज्ञात दुआहरू गर्छन्। यसर्थ राम्रो कुरो त्यो नै छ जुन संक्षिप्त र संग्रहित होस् र उद्देश्यलाई पूर्ण गरोस् । यसर्थ मान्छेको लागि यो त्यस अवैध र अपरिचित दुआहरूभन्दा राम्रो र श्रेष्ठ छ कि मान्छे यस्तो वैधानिक दुआ गरोस् जसबाट मान्छेहरूलाई उक्ताहट नहोस् ।

## इमामले नमाजमा पाठन गरिरहेको अवस्थामा कुरआनलाई उठाइराख्नु

प्रश्नः (१८४) आदरणीय शैख ज्यू, केही नमाजीहरू (मुक्तदीहरू) रमजानको महिनाको तरावीहको नमाजमा आफ्नो साथमा कुरआन बोकेर ल्याउँछन्

ताकि इमामले पढिरहेकोलाई पत्तयाउन् सकुन्, र कदाचित इमामलाई कुनै टिप्पणीको आवश्यकता हुँदैन किनकि त्यो पनि कुरआनलाई हेरेर पढिरहेको हुन्छ, त यस समस्यामा के हुकुम छ स्पष्ट गरिदिनुस् ?

उत्तरः हाम्रो दृष्टिमा उचित यो नै छ कि अनावश्यक मुक्तदी कुरआन लिएर नमाजमा नआओस्, जसरी कि इमाम कुनै मुक्तदीसित यो भनोस् कि मेरो कुरआनको कण्ठ गर्ने क्रममा केही त्रुटिहरू हुन्सक्छ वा मलाई राम्ररी कुरआन कण्ठ छैन यसर्थ तिमी मेरो पछाडि कुरआन लिएर उभ्नु अनि जब म गल्ती गरूँ त मेरो सुधार गर्नु, त यस्तो अवस्थामा मुक्तदी नमाजमा कुरआन लिएर आउन सक्छ । तर यस बाहेकका अवस्थाहरूमा मुक्तदीलाई कुरआन लिएर नमाजमा शामेल हुनु उचित छैन, किनकि यस्तो गर्नाले मान्छेको मनीष त्यसैसित संलग्न रहन्छ जसको कुनै आवश्यकता छैन । र यस्तै यस्तो गर्नाले छातीमा हात राख्ने सुन्नत पनि छुटिहाल्छ, त मान्छेलाई यो उचित छ

कि यस्तो तबसम्म नगरोस् जबसम्म यसको आवश्यकता नहोस् ।

## रमजानका दश रात्रीमध्ये केहीमा मात्र जागेर पूजा आराधना गर्नु

प्रश्न: (१८५) आदरणीय शैख ज्यू, केही मानिसहरू लैलतुल् कद्र (सम्मानित रात्री) मा मात्र जागेर पूजा गर्छन् र अरु रात्रीहरूमा यस्तो गर्दैनन् त के यो सुन्नत अनुकूल छ ?

उत्तर: होइन, यो सही छैन, किनकि लैलतुल् कद्र यताउता र अघिपछि भइरहन्छ, त कहिले २७ को रात्री हुन्छ त कहिले त्यस बाहेकको रात्री, जसरी कि यस कुरामा अधिकांश हदीसहरू प्रमाणीकरण गरिरहेका छन् । तसर्थ रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई कुनै सालमा लैलतुल् कद्र देखाइयो, र त्यो २१ को रात्री थियो, यसर्थ मान्छेको लागि यो उचित छैन कि त्यो मात्र त्यसै रात्रीमा जागेर पूजा अर्चना गरोस् जुन रात्रीको बारेमा लैलतुल् कद्र हुने अनुमान होस्, बरु अन्तिम दश

रात्री (रमजानको अन्तिम दश रात्री) मा पूर्ण रात्रीहरूमा रसूल सल्लल्लाहो अलैहे वसल्लम पूजा गर्थे र यो नै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पद्धति र सुन्नत हो । त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम रमजानका अन्तिम दश दिनहरूमा प्रवेश गर्थे त पूजाको लागि कम्मर कसेर आफ्नो परिवारलाई पनि ती रात्रीहरूमा जगाउँथे र स्वयम् पनि जागेर अल्लाहको स्तुति गर्थे । त बाठो आस्थावान मान्छेलाई यो उचित छ कि त्यो यी पूर्ण दश रात्रीमा अल्लाहको स्तुति गुणगानमा मग्न रहोस् ताकि त्यस पुण्यबाट वंचित नहोस् जुन यस सम्मानित रात्रीको बारेमा वर्णित छ ।

## एतकाफ

**प्रश्नः (१८६) आदरणीय शैख ज्यू, एतकाफको के अर्थ हो ? र यसको हुकुम के छ ?**

उत्तरः एतकाफ हो मान्छेले अनिवार्यतया अल्लाहको पूजा आराधना र स्तुतिको लागि कुनै मस्जिदमा बस्नु ताकि एकान्तमा भएर अल्लाहको गुणगान र भक्ति एवं स्तुतिमा व्यस्त रहोस् ।

र यस विषयमा समस्त मस्जिदहरू एकनास छन् चाहे कुनै यस्तो मस्जिद होस् जसमा मानिसहरू एतकाफको लागि भेला हुन्छन् वा यस्तो मस्जिद होस् जसमा मानिसहरू जम्मा हुँदैनन्, तर यस्तो मस्जिदमा एतकाफ बस्नु उत्तम मानिन्छ जसमा मानिसहरू जम्मा होउन् ताकि जुमआको नमाजको लागि त्यसलाई निस्कन नपरोस् ।

## के एतकाफका थरीहरू छन् ?

प्रश्नः (१८७) आदरणीय शैख ज्यू, के एतकाफका थरीहरू छन् ? वा त्यो मात्र एउटै प्रकारको हुन्छ ?

उत्तरः एतकाफको कुनै थरी छैन बरु त्यो एउटै तरिकाले बसिन्छ, र यसलाई हामीले अघि नै वर्णन गरें, र त्यो यो हो कि अल्लाहको पूजा गर्ने उद्देश्यले कुनै मस्जिदमा एकान्तमा बस्नु । र कदाचित यस अवस्थामा व्रत पनि बसिन्छ, र कहिले बिना व्रत नै यसमा बसिन्छ । र यस विषयमा विद्हरूको मतभेद छ कि के बिना व्रत पनि एतकाफ बस्न सकन्छि वा बस्न सकिदैन ? तर वैधानिक एतकाफ त्यो नै हो जसलाई हामीले वर्णन गरें, अर्थात रमजान

महिनाको अन्तिम दश दिनमा, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम यिनै दश दनिमा एतकाफमा बस्थे ताकि उहाँलाई लैलतुल् कद्रको पुण्य पनि प्राप्त भइहालोस् ।

## के रमजान बाहेकका दिनहरूमा पनि एतकाफ बस्नु जायज छ ?

प्रश्न: (१८८) आदरणीय शैख ज्यू, के एतकाफको लागि कुनै समय निर्धारित छ अर्थात के यसलाई मात्र रमजान महिनामा बस्न सकिन्छ वा रमजान बाहेकका दिनहरूमा पनि बस्न सकिन्छ ?

उत्तर: वैधानिक तरिका त यो नै हो कि यसलाई रमजानमा बसियोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले रमजान बाहेकका दिनहरूमा एतकाफ बसेका छैनन्, त्यस वर्ष बाहेक जुन वर्षमा उहाँद्वारा रमजानमा एतकाफ बस्नु छुटेको थियो, अनि त्यसलाई शौवालमा बसेका थिए । तर यदि कुनै मान्छे एतकाफ रमजान बाहेकका दिनहरूमा बस्छ भने यो पनि जायज छ, किनकि जब हजरत उमर रजिअल्लाहो अन्होले रसूल सल्लल्लाहो अलैहे

वसल्लमसित यो सोधेका थिए कि मैले यो भाकल मानेको छु कि म एक रात्री वा एक दिन मस्जिदे हराममा एतकाफ बस्छु त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

"أوف بنذرك" (أخرجه البخاري، كتاب الاعتكاف ، باب من لم ير عليه إذا اعتكف صوماً، رقم (2042)، ومسلم ، كتاب الإيمان، باب نذر الكافر وما يفعل فيه إذا أسلم، رقم (1656).

अर्थ : आफ्नो भाकललाई पूर्ण गर । (बुखारी, किताबुल् एतकाफ, बाबु मन् लम्यरा अलैहे इजा एअ्तकफा सौमन्, हदीस नं. २०४२ । र मुस्लिम, किताबुल् ईमान, बाबु नजरिल् काफिरि वमा यफ्अलु फिही इजा अस्लमा, हदीस नं. १६५६)

प्रश्न: (१८९) आदरणीय शैख ज्यू, के एतकाफमा बस्नुको लागि कुनै शर्त छ ? वा के त्यसका आधारहरू हुन्छन् ?

उत्तर: एताफको आधार मात्र एउटै छ र त्यो हो कि एतकाफ कुनै मस्जिदमा बसियोस् अल्लाहको पूजा अर्चना र सामीप्यता प्राप्तिको उद्देश्यले र एकान्तमा त्यसैमा व्यस्त रहनु । र यसका शर्तहरू त्यही हुन् जुन अन्य पूजाहरूका हुन् जसरी मुसलमान हुनु, बुद्धिमान हुनु, र व्यस्क नभएको बालकद्वारा पनि यो पूजा सही छ, र महिला पुरुष दुवैबाट यो पूजा दुरुस्त हुन्छ, र बिना व्रत बसिकन् पनि यो सही छ, र प्रत्येक मस्जिदमा पनि सही छ ।

## महिलाको एतकाफ

प्रश्न: (१९०) आदरणीय शैख ज्यू, त के महिलाको लागि यो जायज छ कि त्यो आफ्नो घरमा नमाज पढ्ने ठाउँमा एतकाफ बसोस् ?

उत्तर: होइन जब महिला एतकाफ बस्न चाहोस् त त्यो पनि मस्जिदमा एतकाफ बसोस् यदि कुनै वैधानिक रुकावट नहोस्, तर यदि कुनै वैधानिक रुकावट छ भने त्यो एतकाफ नबसोस् ।

## एतकाफमा के उचित छ र के अनुचित

**प्रश्नः (१९१) आदरणीय शैख ज्यू, एतकाफको अवस्थामा कुन कुराहरू गर्न मुस्तहब (उचित, प्रिय) छ, र कुन कुरालाई अनुचित र अप्रिय मानिन्छ ?**

उत्तरः एतकाफको अवस्थामा यो मुस्तहब छ कि मान्छे अल्लाहको आज्ञापालनमा व्यस्त रहोस्, जसरी कुरआनको पाठन गर्नुमा, अल्लाहको गुणगान गर्नुमा, नमाज पढनुमा ...आदि । र केही मानिसहरू झैं आफ्नो समय अनुचित कुराहरूमा नष्ट नगरोस्, जसरी कि त्यो मस्जिदमा बसेको हुन्छ अनि मानिसहरू आएर त्यससित गफ्फ गर्छन् जसमा कुनै लाभ र हित नीहित छैन । तर कहिलेकाहिँ कोहीसित वा आफ्नो परिवारसित कुरा गर्नुमा कुनै दोष छैन, किनकि बुखारी मुस्लिमले वर्णन गरेको हदीसबाट यो प्रमाणित छ कि कहिलेकाहिँ उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पासमा हजरत सफीयह रजिअल्लाहो अन्हा आउँथिइन् अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम उहाँसित केही बेर कुरा गर्थे अनि उनी आफ्नो घर फर्किजान्थिन् ।

# एतकाफमा बसेको मान्छेको लागि के के जायज छ

प्रश्नः (१९२) आदरणीय शैंख ज्यू, एतकाफमा बसेको मान्छेको लागि के के कुरा जायज (ग्रहणीय) छ ?

उत्तरः एतकाफमा बसेको मान्छेको लागि जायज कुराहरु जसरी कि हामीले अघि नै वर्णन गरें कि त्यो मस्जिदमा बसिराखोस् र पूर्णतया अल्लाहतिर प्रवृत्त हुनुको लागि एकान्तमा बसेर अल्लाहको पूजा अर्चना गरोस्, कुरआन पढोस् ... आदि, र यी समस्त सुकार्यद्वारा अल्लाहको सामीप्यता प्राप्त गर्ने प्रयास गरोस् । तर एतकाफमा बसेको मान्छेको क्रियाहरूको अनेकौं थरीहरू छन् जसमध्ये एक थरी जायज छ, त एक थरी वैधानिक र मुस्तहब छ त अर्को थरी वर्जित छ ।

त रह्यो कुरो वैधानिक कार्यहरूको त त्यो यो हो कि मान्छे अल्लाहको पूजा अर्चना गरोस्, गुणगान आदिद्वारा अल्लाहको सामीप्यता प्राप्त गरोस्... आदि, किनकि यो नै एतकाफको मूल मर्म र उद्देश्य

हो, यसै कारण एतकाफलाई मस्जिदसित संलग्न गरिएको छ ।

र रह्यो अर्को थरी वर्जित कार्यहरूको कुरो त त्यो ती कार्यहरू हुन् जुन एतकाफ विरुद्ध क्रियाकलाप हुन्, जसरी कि मान्छे अनावश्यक मस्जिदबाट नस्कोस्, वा खरिदविक्री गरोस्, वा आफ्नो स्वास्नीसित सम्भोग गरोस्... । र यस जस्ता अरु कार्य जुन एतकाफलाई भंग गरिदिन्छन्, किनकि यी कार्यहरू एतकाफ विरुद्ध छन् ।

र रह्यो अर्को थरी जायज कुराहरूको , त जसरी मानिसहरूसित कुरा गर्नु, र उनीहरूको हालचाल सोध्नु..., र यस बाहेक अरु कार्यहरू जसलाई अल्लाह एतकाफमा बसेको मानिसको लागि जायज गरेको छ । र यी जायज कार्यहरूमध्ये केही निम्न हुन्: अति आवश्यक कार्यको लागि त्यसको मस्जिदबाट नस्किनु, जसरी खानपानको सामग्रीको व्यवस्थापनको लागि मस्जिदबाट नस्किनु जब त्यसको कोही यस्तो आफन्ती नहोस् जुन त्यसको लागि खानपान मस्जिदमा पुऱ्याओस्, र दिशा पिशाबको लागि नस्किनु, र यस्तो वैधानिक अनिवार्य

कार्यको लागि मस्जिदबाट निस्कनु, बरु यस्तो अवस्थामा मस्जिदबाट नस्किनु त्यसमाथि अनिवार्य भइहाल्छ जसरी ठूलो अपवित्रताबाट स्नान गर्नुको लागि निस्कनु ।

र रह्यो कुरो अनिवार्य नभएको वैधानिक कार्यहरूको लागि मस्जिदबाट नस्किनुको त यदि त्यसले एतकाफ बस्दा यसको शर्त राखेको छ भने मस्जिदबाट नस्किनुमा कुनै आपत्ति छैन, तर यदि शर्त राखेको छैन भने ननिस्कोस्, जसरी बिरामीको हालचाल लिने उद्देश्यले, र जनाजामा शामेल हुने उद्देश्यले... आदि । त त्यसको लागि यस्ता कुराहरूको लागि मस्जिदबाट निस्कनु जायज छ जब यसको शर्त राखेको होस्, र यदि शर्त राखेको छैन त यस्ता कार्यहरूको लागि पनि नस्किनु जायज छैन । तर यदि त्यसको कुनै आफन्ती वा मित्रको मृत्यु भयो र त्यसलाई यो भय छ कि यदि त्यो मस्जिदबाट नस्किेर तिनका दु:खमा शामेल भएन भने रिश्ता टुट्ने वा कुनै अनुचित कुरा घटित हुने सम्भावना र खतरा छ भने त्यो यस्तो अवस्थामा मस्जिदबाट निस्किहालोस् चाहे त्यसको एतकाफ

भंग किन नहोस्, किनकि एतकाफ मुस्तहब कार्य हो जसलाई निरन्तरता दिनु अनिवार्य छैन ।

प्रश्न: (१९३) आदरणीय शैख ज्यू, के एतकाफ बस्ने मान्छे मस्जिदको कुनै स्थानलाई निर्धारित गरोस् वा त्यो मस्जिदको पूर्ण जग्गामा यताउता जान्सक्छ परिवर्तित गर्न सक्छ ?

उत्तर: एतकाफमा बसेको मान्छेको लागि यो जायज छ कि त्यो मस्जिदको सीमामा आफ्नो स्थान यताउता सार्नसक्छ, अल्लाहको यो कथन आम हुनुको कारण:

﴿ وَلَا تُبَٰشِرُوهُنَّ وَأَنتُمۡ عَٰكِفُونَ فِي ٱلۡمَسَٰجِدِۗ ﴾

البقرة: ١٨٧

अर्थ : र जब तिमी मस्जिदहरूमा एतिकाफ ( एकान्तमा उपासना) को लागि बसेका हुन्छौ, तब आफ्ना स्त्रीसित सहवास नगर । (सूरतुल् बकर: १८७)

त फिल् मस्जिदीको अर्थ हो: पूर्ण मस्जिदमा, त त्यो यताउता आफ्नो स्थान परिवर्तित गर्न सक्छ किनकि त्यो मस्जिद नै हो ।

## जकातुल् फित्र (फित्रा)

**प्रश्न: (१९४) आदरणीय शैख ज्यू, जकातुल् फित्रको अर्थ के हो ? र के त्यसको कुनै कारण पनि छ ?**

उत्तर: जकातुल् फित्रको अर्थ हो: एक साअ् (लगभग २ कि. ५०० ग्राम) खाद्य पदार्थ जसलाई मान्छे रमजान समाप्त भए पश्चात निकाल्दछ । र यसको कारण हो कि मान्छेमाथि जब अल्लाहले रमजान महिनाद्वारा अपार अनुग्रह प्रदान गऱ्यो, र त्यसले ( मान्छेले) अल्लाहले त्यसमाथि अनिवार्य गरेको कार्यलाई (व्रतलाई) पूर्ण गरेर व्रतलाई सम्पन्न गरेकोमा यसलाई निकालेर त्यसको आभार प्रकट गर्छ । र यसै कारण यसलाई सद्कतुल् फित्र वा जकातुल् फित्र पनि भनिन्छ, र यो नै यसको वैधानिक कारण हो ।

र यसको विधिगत कारण हो कि जब रमजानको अन्तिम दिनको सूर्य अस्त भइहालोस् त यसलाई निकाल्नु अनिवार्य भइहाल्छ। यसर्थ यदि रमजानको अन्तिम दिनको सूर्य अस्त भए पश्चात कुनै बच्चा जन्मन्छ भने त्यसको फित्रा (सद्कतुल् फित्र) निकाल्नु अनिवार्य छैन, बरु त्यसको फित्रा निकाल्नु मुस्तहब छ। र यदि कुनै मान्छे त्यसदिन सूर्य अस्त हुनुभन्दा पहिला नै मर्‍यो भने त्यसको फित्रा निकाल्नु अनिवार्य छैन, किनकि त्यो यसको निष्कासित गर्ने कारणको समय आउनुभन्दा अघि नै मर्‍यो। र यदि रमजानको अन्तिम दिनको सूर्य अस्त हुनुभन्दा अघि नै कसैको कुनै महिलासित निकाह सम्पन्न भयो भने त्यस महिलाको पनि फित्रा निकाल्नु त्यसको लोग्नेमाथि अनिवार्य भयो अधिकांश विद्हरूको दृष्टिमा, किनकि त्यो महिला फित्रा निकाल्ने अनिवार्यताभन्दा अघि नै त्यसको स्वास्नी भइहाली। तर यदि सूर्य अस्त पश्चात त्यसको विवाह सम्पन्न भयो भने त त्यसको लोग्नेमाथि त्यसको फित्रा निकाल्नु अनिवार्य छैन, र यो यस कथन अनुसार जसमा भनिएको छ कि

मान्छेमाथि त्यसको सन्तान जहानको तर्फबाट फित्रा निकाल्नु आवश्यक छ। तर यदि हामी यो भनौं कि प्रत्येक मान्छेमाथि त्यसको स्वयम्‌को फित्रा निकाल्नु अनिवार्य छ जस्तो कि सुन्नतको जाहेरी अर्थ प्रमाणीकरण गर्छ त एकअर्काको तर्फबाट फित्रा निकाल्नु दुरुस्त हुँदैन।

प्रश्न: (१९५) आदरणीय शैख ज्यू, जकातुल् फित्रको हुकुम के हो ?

उत्तर: जकातुल् फित्र अनिवार्य छ जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनिवार्य गर्नु भएको छ, जस्तो कि हजरत अब्दुल्लाह इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि:

"فرض رسول الله صلى الله عليه وسلم زكاة الفطر من رمضان صاعاً من تمر ، أو صاعا من شعير" (رواه البخاري، كتاب الزكاة، باب صدقة الفطر على العبد وغيره من المسلمين، رقم (1504) ومسلم ، كتاب الزكاة، باب تقديم الزكاة ومنعها، رقم (984)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले रमजानले गर्दा एक साअ् खजूर वा एक साअ् जौबाट जकातुल् फित्र अनिवार्य गर्नु भएको छ । (बुखारी, किताबुज्जकात, बाबु सदकतिल् फित्रि अलल् अब्दे वगैरेही मिनल् मुस्लिमीन, हदीस नं. १५०४ । र मुस्लिम, किताबुज्जकात, बाबु तक्दीमुज्जकाति वमन्इहा, हदीस नं. ९८४)

यसर्थ यदि कोही फित्रामा दिरहम, लुगाफाँट, ओछ्यान, भाँडाव्रतन निकाल्दछ भने त्यो सही छैन यद्यपि यो खाद्य पदार्थभन्दा मूल्यवान छ । यसर्थ फित्राको बदलामा त्यसको मूल्य (रुपैयाँ आदि) निकाल्नु जायज छैन ।

प्रश्नः (१९६) आदरणीय शैख ज्यू, कसमाथि जकातुल् फित्र अनिवार्य छ, र कसमाथि मुस्तहब छ ?

उत्तरः प्रत्येक महिला पुरुष, सानो ठूलो माथि जकातुल् फित्र निकाल्नु अनिवार्य छ चाहे त्यो व्रत बसेको होस् वा नबसेको होस्, जसरी यात्राको कारण मान्छे व्रत नबसेको होस् तै पनि त्यसमाथि

फित्रा निकाल्नु अनिवार्य छ। र जसमाथि जकातुल् फित्र निकाल्नु अनिवार्य छैन बरु मुस्तहब छ त त्यसबारे विधिशास्त्रीहरूको वर्णन छ कि गर्भाशयमा भएको बच्चाको तर्फबाट फित्रा निकाल्नु मुस्तहब छ अनिवार्य छैन।

प्रश्नः (१९७) आदरणीय शैख ज्यू, जुन व्यक्ति यसलाई नकिाल्नुबाट पंछोस् (इन्कार गरोस्) त्यसको के हुकुम छ ? र त्यससित के कस्तो व्यवहार गरियोस् ?

उत्तरः यसलाई ननिकाल्नु हराम छ, किनकि यो रसूल सल्लल्लाहो अलैहे वसल्लमले अनिवार्य गरेको कुरोको उल्लंघन गर्नु हो, जस्तो कि यसबारेमा उपरोक्तमा हदीस वर्णन गरियो कि:

"فرض رسول الله صلى الله عليه وسلم زكاة الفطر من رمضان صاعاً من تمر ، أو صاعا من شعير" (رواه البخاري، كتاب الزكاة، باب صدقة الفطر على العبد وغيره من

المسلمين، رقم (1504) ومسلم ، كتاب الزكاة، باب تقديم الزكاة ومنعها، رقم (984)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले रमजानले गर्दा एक साअ् खजूर वा एक साअ् जौबाट जकातुल् फित्र अनिवार्य गर्नु धएको छ । (बुखारी, किताबुज्जकात, बाबु सदकतिल् फित्रि अलल् अब्दे वगैरेही मिनल् मुस्लिमीन, हदीस नं. १५०४ । र मुस्लिम, किताबुज्जकात, बाबु तक्दीमुज्जकाति वमन्इहा, हदीस नं. ९८४)

र यो कुरो थाहा नै छ कि अनिवार्य कार्यलाई त्याग्नु हराम पनि छ र त्यसद्वारा पाप पनि मिल्दछ, र अवज्ञा पनि गरिन्छ ।

प्रश्न: (१९८) आदरणीय शैख ज्यू, जकातुल् फित्र कता खर्च गरिन्छ ?

उत्तर: मुसलमान गरिब फकीर बाहेक कसैलाई दिनु जायज छैन ।

प्रश्न: (२००) आदरणीय शैख ज्यू, अन्य टाढा भएका देशहरूमा यसलाई लैजानु कस्तो छ यस प्रमाणको भरमा कि त्यहाँ अत्याधिक गरिबहरू छन् ?

उत्तर: यदि जुन व्यक्तिले फित्रा निकालेको छ त्यसको देशमा गरिब छैनन् त यस्तो अवस्थामा अन्य देशहरूमा लगेर फित्रा वितरण गर्नुमा कुनै दोष छैन, र यदि यसको आवश्यकता छैन जसरी त्यस मान्छेको देश नगरमा नै गरिबहरू पर्याप्त छन् भने त्यसलाई अन्य देशमा लैजानु जायज छैन ।

प्रश्न: (२०१) आदरणीय शैख ज्यू, यस फित्रालाई कुनै छिमेकीको घरमा तबसम्मको लागि राख्नु जबसम्म कि फकीर नआओस् जबकि फकीरले कसैलाई आफ्नो वकील बनाएको छैन, त यस्तो गर्नुको के हुकुम छ ?

उत्तर: मान्छेको लागि यो जायज छ कि त्यो फित्रालाई आफ्नो छिमेकीकहाँ राखोस्, र छिमेकीसित यो भनोस् कि यो फलानाको लागि हो, यसर्थ जब त्यो आओस् त त्यसलाई दिइहाल्नु । तर अनिवार्य यो छ कि ईदको नमाज अदा हुनुभन्दा

अघि नै त्यो फित्रा त्यस फकीरको हातमा पुगोस्, किनकि त्यो आफ्नो छिमेकीको तर्फबाट वकील हो । तर यदि त्यस फकीरले स्वयम् त्यस छिमेकीलाई आफ्नो वकील निर्धारित गरेको होस् र त्यससित भनेको होस् कि: मेरो लागि आफ्नो छिमेकीबाट फित्रा लिइहाल्नु, त यस्तो अवस्थामा यदि त्यस वकीलको हातमा नै रहोस् त केही फर्क पर्दैन चाहे मानिसहरू ईदको नमाजबाट किन नफर्कुन् ।

प्रश्न: (२०२) आदरणीय शैख ज्यु, यदि कुनै मान्छेले फित्रालाई आफ्नो छिमेकीकहाँ राख्यो र जुन त्यसको हकदार छ त्यो ईदको नमाजभन्दा अघि आएन, अनि त्यसको समय समाप्त भइहाल्यो, त यसको के हुकुम छ ?

उत्तर: जब मान्छेले फित्रालाई आफ्नो छिमेकीकहाँ राख्यो, त याता त्यो छिमेकी त्यस फकीरको वकील हुन्छ त यदि त्यसको वकील हो भने त्यसको हातमा पुग्नु त्यस फकीरको हातमा पुग्नु सरह छ । तर यदि फकीरले त्यसको छिमेकीलाई वकील बनाएको छैन भने जसको फित्रा हो त्यसमाथि अनिवार्य छ कि त्यस फित्रालाई त्यसको अधिकारीसम्म

पुऱ्याओस् । तर यदि त्यसले यसलाई पुऱ्याउनुमा विलम्ब गऱ्यो र ईदको नमाज पढनुसम्म त्यसलाई त्यसका हकदारहरूसम्म पुऱ्याएन भने त्यसबाट यो फित्रा स्वीकार गरिन्न, किनकि यो यस्तो पूजा हो जुन समयसित निबन्धित छ, त यदि यसलाई बिना कुनै वैधानिक कारण त्यस समयभन्दा विलम्ब गऱ्यो भने त्यससित यो कबूल गरिन्न । तर यदि कुनै वैधानिक कारणले विलम्ब गरेको छ जसरी फित्रा दिनु नै बिर्सिहाल्यो वा त्यस समय त्यहाँ कुनै गरिबलाई पाएन भने यस्तो अवस्थामा कुनै आपत्ति छैन ।

प्रश्न: (२०३) आदरणीय शैख ज्यू, यस्तो अवस्थामा के त्यो त्यस फित्रालाई आफ्नो मालमा मिस्साइलिन्छ वा त्यसलाई निष्कासित गर्नु अनिवार्य नै रहन्छ ?

उत्तर: यस कुराले कुनै फर्क पर्दैन कि त्यो त्यसलाई आफ्नो मालमा मिसाओस् वा अर्को वर्षको फित्राको दिनको प्रतिक्षा गरोस् ।

प्रश्नः (२०४) आदरणीय शैख ज्यू, जब मान्छे शौवालको चन्द्र हेरोस् तबदेखि ईदको नमाज सम्म के भनोस् ?

उत्तरः मुसलमानलाई जुन कुरो उचित छ त्यो यो हो कि अत्याधिक तकबीर भनोस् र अल्लाहको पवित्रताको बखान गरोस् र त्यसको महिमा गान गरोस्, किनकि अल्लाहको फर्मान छः

﴿ وَلِتُكۡمِلُواْ ٱلۡعِدَّةَ وَلِتُكَبِّرُواْ ٱللَّهَ عَلَىٰ مَا هَدَىٰكُمۡ وَلَعَلَّكُمۡ تَشۡكُرُونَ ۝١٨٥ ﴾ البقرة: ١٨٥

अर्थ : उसले चाहन्छ कि तिमीले (व्रतको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । (सूरतुल् बकरः १८५)

प्रश्नः (२०५) आदरणीय शैख ज्यू, तक्बीर र तहलीलको तरिका के हो, अल्लाह हजुरलाई प्रतिफल प्रदान गरुन् ?

उत्तर: यसको तरिका यो हो कि हामी भनौं: अल्लाहु अक्बर अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, वल्लाहु अक्बर अल्लाहु अक्बर वलिललाहिल् हम्द ।
अर्थात अल्लाह महान छ, अल्लाह महान छ, त्यस बाहेक कोही सत्य पूजय छैन, र अल्लाह महान छ अल्लाह महान छ, र त्यस अल्लाहकै लागि समस्त प्रशंसाहरू छन् ।

वा हामी भनौं: अल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर, लाइलाहा इल्लल्लाह, वल्लाहु अक्बर अल्लाहु अक्बर अल्लाहु अक्बर, वलिल्लाहिल् हम्द ।

त मुसलमान मान्छेलाई उचित यो छ कि त्यो अल्लाहले त्यसलाई रमजानको व्रतको रूपमा दिएको अनुकम्पाको कृतज्ञता त्यसको व्रत बसेर ज्ञापन गरोस्, र त्यसमा तरावीह र एतकाफको आयोजना गरेर गरोस् ताकि अल्लाह त्यसमाथि अझै अनुकम्पाको वर्षा गरोस् र तयसलाई दुवै लोकमा आफ्नो आनन्दमय अनुग्रहहरुबाट अनुग्रहित गरोस्, र त्यसको दुवै जीवनमा खुशी प्रशान्ति प्रविष्ट गरोस् र त्यसलाई आफ्नो क्षमा र दाया प्रदान गरेर

स्वर्गमा प्रविष्ट गरोस् । र अल्लाह नै यस कुरामा शक्ति सम्पन्न छ ।

यो भाग यता नै समाप्त हुन्छ अर्को भाग शीघ्र नै तपाई समक्ष प्रस्तुत गर्नेछु ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९
महुवा तौलिहवा कपिलवस्तु नेपाल
द्यिार्थी: एम.ए. उम्मुल कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
सम्पर्क नं.(00966-0501372254)
(00977-9814499140)